# वाणिज्य तथा आपूर्ति क्षेत्रमा गर्नुपर्ने सुधारसम्बन्धमा वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी श्वेतपत्र-२०६८

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय

कार्तिक, २०६८

# भूमिका

विश्वको बदलिँदो आर्थिक परिवेश एवं अन्तर्राष्ट्रिय व्यापार प्रणालीसँगको आबद्धताबाट नेपालको अन्तर्राष्ट्रिय व्यापार सञ्चालनमा नयाँ चुनौती र अवसर थपिएका छन् । यसैगरी जनसंख्याको निरन्तर वृद्धि र सो अनुपातमा खाद्यान्न उत्पादनमा वृद्धि हुन नसकेको एवं विभिन्न उपभोग्य वस्तुको माग र आपूर्तिबीच बढ्दै गएको असन्तुलनले वस्तु र सेवाको मूल्यमा चाप पर्दै गएको स्थिति छ । यिनै पृष्ठभूमिमा वाणिज्य तथा आपूर्ति क्षेत्रका मूलभूत समस्याहरुको पहिचान तथा वस्तुगत विश्लेषण गरी आगामी दिनमा अन्तर्राष्ट्रिय व्यापारबाट अधिकतम लाभ लिने तथा आपूर्ति व्यवस्थालाई जनअपेक्षा बमोजिम सहज र सर्वसुलभ तुल्याउने एवं बजारलाई विकृतिबाट मुक्त राख्ने राज्यको दायित्व निर्वाह गर्ने उद्देश्यले वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो श्वेतपत्र जारी गरेको छ । यसमा उल्लेख गरिएका समयबद्ध कार्यक्रमहरूको सफल कार्यान्वयनबाट आम नागरिकलाई सकारात्मक परिवर्तनको अनुभूति गराउन सकिने विश्वास लिइएको छ । अतएवः यसको सफल कार्यान्वयनमा नेपाल सरकारका सबै सम्बद्ध निकाय, निजी क्षेत्र र दातृनिकायहरुको सक्रिय सहयोग रहने कुरामा यो मन्त्रालय आशावादी छ । अन्तमा, यस श्वेतपत्र तर्जुमा गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै कर्मचारीहरु र संस्थान⁄समितिका प्रमुखहरू एवं सुझाव दिनुहुने सबै सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु ।

लेखराज भट्ट
मन्त्री
वाणिज्य तथा आपूर्ति मन्त्रालय

२०६८ कार्तिक २५

# वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी श्वेतपत्र-२०६८ को कार्यकारी सारांश

## वाणिज्यतर्फ

- वाणिज्य नीति-२०६५ को कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप दिई कार्यान्वयनमा ल्याइने ।
- NTIS र वाणिज्य नीतिले पहिचान गरेका निर्यातयोग्य वस्तु र सेवाहरू प्रवर्द्धन गर्ने सन्दर्भमा निजी क्षेत्रको लागत साझेदारीमा सुर्खेतमा जडिबूटी सङ्कलन तथा व्यवसाय केन्द्र र झापाको काकडभिट्टामा अदुवा प्रशोधन प्लान्ट स्थापना गर्ने ।
- नेपाली चिया, कफी र च्यांग्रा पशिमनाको अन्तर्राष्ट्रिय बजारमा सामूहिक ट्रेडमार्क दर्ता गरी निकासी वृद्धि गर्ने ।
- निर्यातका लागि गुणस्तर परीक्षण र प्रमाणीकरण सम्बन्धमा गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र वनस्पति विभागको क्षमता बढाउन उपकरण खरिद तथा प्रयोगशालाको स्तरोन्नति गर्ने ।
- व्यापार सम्बन्धी विषयमा मन्त्रालयलाई पृष्ठपोषण गर्न Trade Policy Analytical Wing स्थापना गर्ने ।
- निर्यातमा नगद प्रोत्साहन सुविधालाई निरन्तरता दिने ।
- नयाँ आयात-निर्यातसम्बन्धी ऐन र Anti-dumping र Countervailing ऐन बनाउने ।
- वैकल्पिक बन्दरगाहको रूपमा भिसाखापट्टनम् बन्दरगाहलाई प्रयोगमा ल्याउने तथा रोहनपुर-सिंहवाद नाका प्रयोगमा ल्याउने ।
- काकरभिट्टा-फूलबारी-बङ्गलावन्ध कोरिडोरको प्रक्रिया सरलीकरण गर्ने ।
- नेपाल-भारतबीचको Rail Service Agreement (RSA) को पुनरावलोकन (Review) गर्ने
- नेपालको रेल्वे ऐनको मस्यौदा तयार गर्ने
- व्यापार प्रक्रिया सहजीकरणका लागि Single Window लागू गर्न आवश्यक तयारी सम्पन्न गर्ने ।
- भारतका अतिरिक्त, बंगलादेश, भूटान सितको व्यापारलाई प्रवर्द्धन गर्न स्वतन्त्र व्यापार सम्झौतालाई गति दिने ।
- भुटानसँग प्राथमिकता प्राप्त (Preferential) व्यापार सम्झौता सम्पन्न गर्ने ।
- सं.रा.अमेरिकासँगको TIFA बाट नेपालले लाभ लिने सम्बन्धमा पूर्ण तयारीसहित वार्ता सम्पन्न गरी लाभको नयाँ क्षेत्रहरू पहिल्याउने ।
- राष्ट्रिय स्वामित्वमा Aid for Trade परिचालन गर्ने र NTIS २०१० एवं वाणिज्य नीतिले निर्दिष्ट विषयमा लगानी गरी तिनको प्रभावकारी कार्यान्वयन गर्न गराउन एक SWAp अवधारणा अनुसार एक Trade Trust Fund को स्थापना गरी कार्यान्वयन प्रारम्भ गर्ने ।
- काठमाडौंमा एक अत्याधुनिक अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनीस्थलको स्थापना गर्ने ।
- सुदूर पश्चिमाञ्चलको चाँदनी-दोधारा लगायत अन्य केही भन्सार नाकामा सुख्खा बन्दरगाह निर्माण गर्न सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया थाल्ने ।
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सुदृढीकरणका लागि एक कार्ययोजना बनाई लागू गर्ने ।

## आपूर्तितर्फ

- मुलुकको समग्र आपूर्ति व्यवस्थापनलाई नियमन गर्न आपूर्ति नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- उपभोग्य वस्तुको अनावश्यक सञ्चिति र कृत्रिम अभावमार्फत हुने बजार विचलनलाई नियन्त्रण गर्न थोक तथा खुद्रा विक्रेताले वस्तु तथा सेवाको सञ्चित गर्न पाउने हद निर्धारण गर्ने तथा स्टक खुलाउनुपर्ने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउने ।

- पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई सहभागी गराउन ऐन तर्जुमा गरी लागू गर्ने ।
- पेट्रोलियम पदार्थको चुहावट नियन्त्रण तथा अनुगमन निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- नेपाल आयल निगमको सुधारका सम्बन्धमा विगतमा गठित आयोगको प्रतिवेदनहरू तथा सार्वजनिक लेखा समिति एवं अन्य संसदीय समितिबाट समय समयमा दिइएको निर्देशन कार्यान्वयनमा ल्याउने ।
- नेपाल आयल निगम र भारतीय आयल निगमबीचको पेट्रोलियम खरिद सम्झौता पुनरावलोकन गरी नयाँ सम्झौता सम्पन्न गर्ने ।
- अन्तर्राष्ट्रिय बजारको परल मूल्यबमोजिम पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन गर्ने । यसका लागि दैनिक कायम हुने मूल्यसूची सार्वजनिक गर्ने ।
- अन्तर्राष्ट्रिय बजारमा हुने पेट्रोलियम पदार्थको मूल्य वृद्धिबाट आन्तरिक बजारमा पर्ने असरलाई कम गर्न मूल्य स्थिरीकरण कोष (Price Stabilization Fund) को स्थापना गर्ने ।
- निगमको पेट्रोलियम पदार्थको लागत मूल्य तथा बिक्री मूल्य र सोमा हुने नाफाघाटा सम्बन्धी विवरण नियमित रूपमा आम सञ्चारमाध्यममार्फत सर्वसाधारणको जानकारीका लागि उपलब्ध गराउने ।
- सर्वसाधारण उपभोक्तालाई मूल्यवृद्धिको भार कम गर्न एल्.पि.जी. ग्याँसमा लाग्दै आएको भ्याटलाई पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय मूल्यबमोजिम स्वतः समायोजन नहुञ्जेलसम्म छूट दिने व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।
- मूल्य वृद्धिबाट असर पुग्ने विपन्न वर्ग, विद्यार्थी र न्यून आय भएका साना किसानलाई सहुलियत दरमा ग्याँस, मट्टितेल र डिजेल उपलब्ध गराउन राहत कार्डको व्यवस्था गर्ने ।
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण कार्यलाई दुई देशबीच समझदारी कायम गरी अघि बढाउने ।
- थानकोट लगायत विभिन्न स्थानहरूमा इन्धन डिपोहरूको भण्डारण क्षमता कम्तिमा १ महिनाको माग धान्ने गरी बिस्तार गर्ने ।
- ग्यास बोटलिङ प्लान्ट तथा डिपोहरूमा सुरक्षात्मक उपाय सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।
- नेपाल आयल निगमका सबै डिपोहरूमा जोखिम कम गर्न सुरक्षा उपायहरू थप गर्ने । साथै, निगमका मौजूदा इन्धन डिपोहरूको मर्मत सुधार गर्न एक कार्ययोजना बनाई सोको कार्यान्वयन गर्ने ।
- ढुवानीकर्ताहरूको खुला टेण्डरको माध्यमद्वारा खुला प्रतिस्पर्धा गराई छनौट गर्ने ।
- नेपाल आयल निगमको कार्यकारी प्रमुख पदमा खुला प्रतिस्पर्धाको आधारमा नियुक्ति गर्ने ।
- निगमको प्रशासनिक खर्च घटाउन विज्ञापन, भ्रमण, इन्धन, सवारी भाडा लगायत विभिन्न शिरोभार खर्च (overhead cost) कम गर्ने ।
- नेपाल खाद्य संस्थानले काठमाडौं उपत्यका लगायत उपयुक्त स्थानहरूमा विक्री कक्षहरू स्थापना गरी संचालनमा ल्याउने । नेपाल खाद्य संस्थानले चामल, दाल, पिठो लगायतका वस्तुमा आवश्यकता अनुसार ब्राण्डिङ्ग गरी सहुलियत मूल्यमा बजारमा विक्री वितरण थाल्ने ।
- देशका विभिन्न भागमा खाद्यान्न गोदामहरूको निर्माण र पुराना गोदामहरूको मर्मत सम्भार गरी भण्डारण क्षमता वृद्धिमार्फत खाद्य सुरक्षालाई वृद्धि गर्ने ।
- नेपाल खाद्य संस्थानले खाद्यान्न न्यून भएका दुर्गम जिल्ला/स्थानमा सरकारी अनुदानमा र अन्य स्थान/जिल्लामा संस्थानको आफ्नै स्रोतमा ढुवानी गरी यथेष्ट मात्रामा खाद्यान्न मौज्दातको व्यवस्था मिलाउने ।

- कर्णाली लगायतका दुर्गम क्षेत्रमा स्थानीय संभाव्यताका आधारमा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न विभिन्न क्षेत्र (कृषि, सिंचाई, स्थानीय निकाय आदि) लाई समेटी एक एकीकृत कार्यक्रम संचालन गर्ने ।
- दुर्गम क्षेत्रमा आहार वानी (Food Habit) मा परिवर्तन ल्याउन आहार परिवर्तनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याउने ।
- किसानहरूको मुख्य खाद्यान्न उत्पादन खरिद गर्ने सम्बन्धमा न्यूनतम मूल्य (Support Price) तोकी खाद्य संस्थानलगायतका निकायले खरिद गर्ने व्यवस्था मिलाउने ।
- हाल वित्तीय रुपमा कमजोर अवस्थामा रहेको नेशनल ट्रेडिङ लिमिटेडलाई नयाँ व्यापारिक क्षेत्रतर्फ उन्मुख गराई आर्थिक पुनरुत्थान गर्न तयार गरिएको Business Plan लाई नेपाल सरकारले स्वीकृत गरी क्रमशः कार्यान्वयनमा ल्याउने ।
- संस्थानहरूको सुधारका लागि सबै संस्थानहरूले नयाँ र सम्भाव्य व्यापारका क्षेत्र पहिल्याई आ-आफ्नो रणनैतिक व्यापारिक कार्ययोजना (Business Plan) तर्जुमा तथा स्वीकृत गरी सो बमोजिम आफ्नो व्यावसायिक रूपान्तरण गर्ने ।
- पाँचै विकास क्षेत्रका वाणिज्य कार्यालयहरूमा १/१ वटा छुट्टै खाद्यान्न परीक्षण प्रयोगशालाको व्यवस्था गर्ने ।
- उपभोक्ता संरक्षण ऐन २०५४ लाई संशोधन गरी छुट्टै उपभोक्ता अदालतको व्यवस्था गर्ने र सेवा क्षेत्रसमेतलाई समेट्ने गरी सो ऐन संशोधन गर्ने ।
- कालोबजारी तथा केही सामाजिक अपराध ऐन २०३२, खाद्य ऐन २०२३ मा समसामयिक सुधार गर्ने ।
- कार्टेलिङ र सिण्डिकेट गर्न नपाउने गरी संस्था दर्ता ऐनलगायत विभिन्न ऐनहरूलाई संशोधन गर्न विधेयक पेश गर्ने ।
- वस्तु तथा सेवा बजार अनुगमन गर्ने कार्यविधि स्वीकृत गरी लागू गर्ने ।
- होटेल, लज तथा रेष्टुरेण्ट सम्बन्धी निर्देशिका स्वीकृत गरी लागू गर्ने ।
- मूल्य नियमन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- अनुगमनकर्ताहरूले पालना गर्नुपर्ने Code of Conduct तर्जुमा गरी लागू गर्ने र सोबमोजिम क्रियाशील रहन अनुगमनकर्ताहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।
- उपभोक्ता शिक्षाका लागि माध्यमिक तहसम्मको पाठ्यक्रममा उपभोक्ता हकहितसम्बन्धी विषय समावेश गर्ने ।
- बजार अनुगमनलाई सघन रूपमा सञ्चालन गरी गैरकाननी काम गर्ने विरुद्ध मुद्दा दायर गरी कार्वाही अन्तिम टुङ्गोमा पुऱ्याउने ।
- बजार अनुगमनमा सुरक्षा ब्याकअप गर्न र खटिई जाने कर्मचारी तथा पदाधिकारीहरूको सुरक्षा गर्न वाणिज्य विभागमा छुट्टै स्थायी सुरक्षा एकाइको व्यवस्था गर्ने ।
- हालको वाणिज्य विभागलाई प्रत्येक जिल्लामा पूर्णकालीन निरीक्षण अधिकृतको व्यवस्था गर्ने गरी र अर्धन्यायिक अधिकार प्रयोग गर्ने गरी वाणिज्य तथा उपभोक्ता संरक्षण विभागको रूपमा पुनर्संरचना गर्ने ।
- आयोडिनयुक्त नूनको भण्डारणका लागि आधुनिक गोदाम निर्माण तथा पुराना गोदामको जीर्णोद्धार गर्ने ।
- विभिन्न दुर्गम जिल्लाहरूमा आयोडाइजेशन प्लाण्ट स्थापना गर्ने साथै भएकालाई चालू हालतमा उपयोग गर्ने ।
- विपन्न वर्गलाई लक्षित गरी रासन कार्ड जारी गर्ने र सोमार्फत सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने ।

# वाणिज्य तथा आपूर्ति क्षेत्रमा गर्नुपर्ने सुधारसम्बन्धमा वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी श्वेतपत्र-२०६८

## १. मन्त्रालयको संक्षिप्त परिचय र कार्य क्षेत्र

### १.१ संक्षिप्त परिचय

वि.सं. २०५७ सालपूर्व उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसम्बन्धी कार्यहरू गर्न तीनवटा छुट्टाछुट्टै मन्त्रालय अस्तित्वमा रहेकोमा २०५७ सालमा यी तीनवटै क्षेत्रलाई एउटै संगठन संरचना अन्तर्गत समेट्ने प्रयासस्वरूप उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय गठन भएको थियो । नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०६५।५।१५ मा उद्योग र वाणिज्य तथा आपूर्ति क्षेत्र हेर्न दुईवटा अलग मन्त्रालय गठन गर्ने निर्णय भएपछि वाणिज्य तथा आपूर्ति मन्त्रालय छुट्टै मन्त्रालयको रूपमा अस्तित्वमा आएको हो । मुलुकको अन्तर्राष्ट्रिय व्यापारको सञ्चालन एवं आपूर्ति क्षेत्रको व्यवस्थापन, विस्तार र नियमन मन्त्रालयको मूल कार्यक्षेत्र रहिआएको छ । साथै उपभोक्ताको हकहित संरक्षण गर्नसमेत यो मन्त्रालय क्रियाशील रहँदै आएको छ ।

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६४ मा वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत विभिन्न १७ वटा बुँदाहरू उल्लेख भएका छन् । तिनमा वाणिज्य, व्यापार तथा आपूर्तिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार विषयक अध्ययन, अनुसन्धान तथा सर्वेक्षण, अत्यावश्यक वस्तुको नियमन तथा आपूर्ति व्यवस्थापन, निकासी प्रवर्द्धन, व्यापार उदारीकरण, सरकारी तथा सार्वजनिक व्यापारको सञ्चालन, विश्व व्यापार संघ लगायत व्यापार र पारवहनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क र प्रतिनिधित्व, पारवहन, गोदाम र अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, वस्तुको बहुविधिक ढुवानी, पेट्रोलियम पदार्थको आपूर्ति र नियमन, उपभोक्ताको हक, हित र अधिकारको संरक्षण तथा प्रतिस्पर्धा प्रवर्द्धन आदि प्रमुख छन् ।

### १.२ दीर्घकालीन सोच तथा उद्देश्यहरू

चालु त्रिवर्षीय योजना (२०६७/६८-०६९/७०) मा मन्त्रालयको दीर्घकालीन सोच तथा उद्देश्यहरूलाई यस प्रकार उल्लेख गरिएको छ :

**वाणिज्यतर्फको दीर्घकालीन सोच**

विश्वव्यापीकरण र आर्थिक उदारीकरणबाट सिर्जित अवसर र चुनौतीहरूलाई उचित सम्बोधन गर्दै व्यापारलाई राष्ट्रिय विकास नीतिमा मूलप्रवाहीकरण गरी उदार, प्रतिस्पर्धात्मक र समावेशी वाणिज्य क्षेत्रको विकासमार्फत गरीबी न्यूनीकरण र आर्थिक विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

- आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गरी आय र रोजगारीका अवसरलाई विस्तार गर्ने ।
- निजी तथा सरकारी क्षेत्रको सहभागितामा तुलनात्मक लाभका नयाँ-नयाँ वस्तु तथा सेवाहरूको पहिचान र विकास गरी आन्तरिक तथा बाह्य बजारमा मूल्य तथा गुणस्तरलाई प्रतिस्पर्धात्मक बनाई वस्तु तथा सेवा व्यापारबाट अधिकतम लाभ प्राप्त गर्ने ।
- स्थानीय कच्चापदार्थ, स्रोत साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रंवर्द्धन गरी वाणिज्य क्षेत्रका क्रियाकलापबाट प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्दै गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

### आपूर्तितर्फको दीर्घकालीन सोच

स्वस्थ र प्रतिस्पर्धात्मक सार्वजनिक वितरण प्रणालीको स्थापना र खाद्य सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि विशेष कृषि क्षेत्रहरूको पहिचान तथा पूर्वाधार विकास मार्फत मुलुकभर गुणस्तरयुक्त अत्यावश्यक वस्तु तथा सेवाहरू सरल, सहज, नियमित र सर्वसुलभ ढङ्गले आपूर्ति हुने वातावरण सिर्जना गरी उपभोक्ताको हक हितको संरक्षण तथा सार्वजनिक कल्याणको अभिवृद्धि गर्ने

#### उद्देश्य

- दैनिक उपभोग्य वस्तु तथा सेवा निश्चित गुणस्तर, मापदण्ड तथा प्रतिस्पर्धात्मक मूल्यमा सर्वसुलभ तवरले उपलब्ध हुने स्थितिको प्रत्याभूति गर्ने ।
- दुर्गम पिछडिएका क्षेत्रमा स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्न परनिर्भरता हटाउने र गरीब जनतालाई राहत पुऱ्याउन एकीकृत आपूर्ति संयन्त्रको विकास गर्ने ।
- स्वच्छ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास मार्फत आपूर्ति व्यवस्थालाई नियमित, सर्वसुलभ भरपर्दो बनाउने तथा अस्वाभाविक अवस्थामा बजार हस्तक्षेपको माध्यमबाट आपूर्ति व्यवस्थालाई बिग्रन नदिइ सर्वसाधारणको हित संरक्षण गर्ने ।

### १.३ मन्त्रालयसम्बद्ध निकाय तथा संस्थान

यस मन्त्रालयअन्तर्गत वाणिज्य विभाग, चारवटा आपूर्ति व्यवस्थापनसँग सार्वजनिक संस्थानहरू (नेपाल आयल निगम, नेपाल खाद्य संस्थान, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र नेशनल ट्रेडिङ लिमिटेड) दुईवटा व्यापार तथा पारवहन क्षेत्रसँग सम्बद्ध संस्थाहरू (नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड र नेपाल इन्टरमोडल यातायात विकास समिति) र यौटा व्यापार प्रवर्द्धन सम्बन्धी कार्य गर्ने संस्था (व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र) गरी विभिन्न आठवटा निकायहरू रहेका छन् । यिनमा नेपाल खाद्य संस्थान, संस्थान ऐन, २०२१ अनुसार, नेपाल आयल निगम, नेशनल ट्रेडिङ लिमिटेड र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी, कम्पनी ऐन, २०२१ अनुसार र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र एवं नेपाल इन्टरमोडल यातायात विकास समिति, विकास समिति, २०१३ अन्तर्गत स्थापना भएका हुन् । जनशक्तिको हकमा मन्त्रालय र मातहतका विभाग, विभिन्न सार्वजनिक संस्थान तथा विकास समितिहरूमा समेत गरी कुल २०६७ जनशक्ति हाल कार्यरत छन् ।

## २. प्रमुख नीति तथा कार्यक्रम

### २.१. चालू त्रिवर्षीय योजनामा वाणिज्य तथा आपूर्तिसम्बन्धी नीति, कार्यक्रम

#### वाणिज्यतर्फ

योजना अवधिमा व्यापार क्षेत्रमा निम्नअनुसारका अपेक्षित लक्ष्यहरू राखिएका छन्-

- निर्यात व्यापारमा उल्लेख्य सुधार गरी व्यापार घाटामा कमी ल्याउने ।
- विदेश निर्यात हुने वस्तु तथा सेवाको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको छुट्टै पहिचान कायम गर्ने ।
- वाणिज्य, पारवहन, आपूर्ति तथा उद्योग क्षेत्रसँग सम्बन्धित नीति, कानून एवं नियमावलीहरूमा समसामयिक परिमार्जन गरी नीतिगत सामञ्जस्य कायम गर्नुका साथै स्वस्थ र प्रतिस्पर्धात्मक व्यापारको विकास गर्ने ।

- वस्तु निकासी योजना अवधिको अन्तिम वर्षमा रु.६१ अर्बबाट रु.१ खर्ब पुऱ्याउने ।
- व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशतमा झार्ने र आयात निर्यातको अनुपात ४:१ मा सीमित राख्ने ।

### आपूर्तितर्फ

योजनाले आपूर्ति व्यवस्थापनका क्षेत्रमा लिएका प्रमुख अपेक्षित लक्ष्यहरू निम्नानुसार छन्-

- दुर्गम क्षेत्रमा वार्षिक न्यूनतम २० हजार मे.ट. खाद्यान्न ढुवानी गरी योजना अवधिमा कम्तीमा ६० हजार मे.ट. खाद्यान्न ढुवानी गर्ने ।
- राष्ट्रिय खाद्य सुरक्षा भण्डारको क्षमता वृद्धि गरी योजना अवधिको अन्तिम वर्षमा २५ हजार मे.ट. पुऱ्याउने ।
- प्रतिबद्धताबमोजिम सार्क खाद्य सुरक्षा बैंकमा खाद्यान्न सुरक्षित राख्ने ।
- कम्तीमा १० हजार मेट्रिक टन थप खाद्यान्न मौज्दात राख्न सक्ने गरी आधुनिक गोदाम घरको निर्माण गर्ने ।
- दुर्गम जिल्लाहरूमा प्रतिवर्ष न्यूनतम ४० हजार क्विन्टलका दरले योजना अवधिमा कुल करिब १ लाख २० हजार क्विन्टल आयोडिनयुक्त नून ढुवानी गर्ने ।
- यातायात तथा अन्य पूर्वाधार सुविधाको उपलब्धताको आधारमा खाद्यान्न अनुदान दिइने जिल्लाहरूको संख्या पुनरावलोकन गरी क्रमशः घटाउँदै लैजाने ।
- मुलुकमा पेट्रोलियम पदार्थ कम्तीमा एक महिनाको मागलाई धान्न पुग्ने गरी उपलब्ध गराउने व्यवस्था गर्ने ।

## २.२ आ.व. २०६८/६९ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य

व्यवस्थापिका-संसदसमक्ष पेश भएको आर्थिक वर्ष २०६८/६९ को नेपाल सरकारको नीति तथा कार्यक्रममा र चालु आ.व.को बजेट वक्तव्यमा वाणिज्य तथा आपूर्ति क्षेत्रको विकास र व्यवस्थापनको लागि विभिन्न महत्वपूर्ण विषयहरू उल्लेख भएका छन् । यस अन्तर्गत खासगरी वाणिज्य नीति तथा नेपाल व्यापार एकीकृत रणनीतिले विशेष केन्द्रित क्षेत्र र जोड दिइएको क्षेत्र अन्तर्गत पहिचान गरेका वस्तुहरूको दिगो विकास, मूल्य अभिवृद्धि तथा निकासी प्रवर्द्धनका लागि केन्द्रित कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने, बाह्य स्रोतबाट अल्पविकसित मुलुकहरूलाई प्राप्त हुने व्यापार सहयोगको अधिकतम परिचालन गर्दै निर्यात क्षमता बढाउने, नेपाली वस्तु तथा सेवाको प्रवर्द्धन गर्न व्यापार कूटनीतिलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने, निकासीकर्ताहरूलाई उत्प्रेरित गर्न वस्तुगत निकासीमा प्रोत्साहन उपलब्ध गराउने, छिमेकी मुलुकहरूमा नेपाली वस्तुको निकासी बढाउन थप प्रयत्न गर्ने, सीमाक्षेत्रका उपयुक्त स्थानहरूमा सुक्खा बन्दरगाह निर्माण गर्ने कार्यलाई तीब्रता दिने, नेपालले अवलम्बन गरेको आर्थिक तथा व्यापार उदारीकरणको नीति अनुरूप विश्व व्यापार संगठन र क्षेत्रीय व्यापार प्रणालीसँगको आबद्धतालाई घनीभूत बनाई विश्व व्यापार प्रणालीमा प्रभावकारी भूमिका निर्वाह गर्ने जस्ता विषय उल्लेख भएका छन् ।

यसैगरी आपूर्तितर्फ गुणस्तरीय वस्तु उचित मूल्यमा खरिद गर्न पाउने उपभोक्ताको नैसर्गिक अधिकारलाई सुरक्षित राख्न र उपभोक्ता हकहितको संरक्षण गर्न यससम्बन्धी कानूनमा समसामयिक

सुधार गर्ने, सघनरूपमा बजार अनुगमन गरी वस्तु तथा सेवाको कार्टेलिङ, कृत्रिममूल्यवृद्धि तथा अनावश्यक सञ्चय गरी कृत्रिम अभाव सिर्जना गर्ने र अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा अवरोध गर्ने विरुद्ध कडा कानूनी कारवाही गर्ने विषय उल्लेख भएको छ । यसअनुरूप बजार अनुगमन कार्यक्रम सञ्चालन हुँदै आएको छ भने सार्वजनिक आपूर्ति तथा वितरण प्रणालीको खाका तयार पारी कार्यान्वयनमा ल्याउनेतर्फ कार्य शुरु गरिएको छ । दुर्गम क्षेत्रको खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्यान्न ढुवानी, भण्डारण र स्थानीय उत्पादन वृद्धिमा विशेष जोड दिने कुरा बजेट वक्तव्यमा उल्लेख भएअनुसार विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । दुर्गम क्षेत्रमा खाद्यान्न र नून ढुवानीमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइएको छ । त्यसैगरी खाद्य सुरक्षा सुनिश्चित गर्न मुलुकको विभिन्न स्थानमा खाद्यान्न भण्डारणका लागि गोदाम घर निर्माण गर्ने र मौजूदा गोदामहरूको मर्मत सम्भार गर्ने कार्य अगाडि बढाइएका छन् । पेट्रोलियम पदार्थको आपूर्तिलाई सहज र नियमित बनाउन तथा पेट्रोलियम पदार्थको आपूर्तिलाई व्यवस्थित गर्न उच्चस्तरीय समितिले दिएका सुझावलाई कार्यान्वयनमा ल्याउने भनी उल्लेख भएअनुसार कार्ययोजना बनाई सुझावहरूलाई क्रमशः कार्यान्वयनमा उतार्दै लगिएको छ ।

## २.३ वाणिज्य नीति, २०६५ तथा नेपाल व्यापार एकीकृत रणनीति, २०१०

देशको वाणिज्यक्षेत्रलाई समयको गतिशीलतासँगै अघि बढाउने उद्देश्यले पुरानो वाणिज्य नीतिलाई प्रतिस्थापित गरी नेपाल सरकारले नयाँ वाणिज्य नीति, २०६५ जारी गरेको छ । राष्ट्रिय अर्थतन्त्रमा निकासी व्यापारको योगदान बढाई आर्थिक विकास र गरिबी निवारणमा सहयोग पुऱ्याउने मूल लक्ष्य बोकेको यो नीतिले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने, आयातलाई निर्यात व्यापार वृद्धितर्फ आबद्ध गरी विश्व बजारमा मूल्य अभिवृद्धियुक्त वस्तुको निकासी बढाई व्यापार घाटा कम गर्ने, वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई आय तथा रोजगारीका अवसर बढाउने र आन्तरिक व्यापार र वैदेशिक व्यापारबीच अन्तरसम्बन्ध स्थापित गरी एक अर्काको परिपूरक रूपमा विकास गर्ने जस्ता ४ वटा उद्देश्यहरू र विभिन्न १३ वटा मुख्य नीतिहरूलाई समेटेको छ । विगतका वाणिज्य नीतिले मूलतः वस्तु व्यापारलाई केन्द्रबिन्दुमा राख्दै आएकोमा नयाँ नीतिले सेवा व्यापार र बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी व्यवस्थालाई समेत वाणिज्य नीतिको अङ्गको रूपमा स्वीकार गरेको छ । नीतिले वाणिज्य क्षेत्रको प्रवर्द्धन र व्यवस्थापनका लागि कानूनी र नीतिगत सुधारहरूदेखि संस्थागत सुधार, प्रक्रियागत सरलीकरण, क्षमता अभिवृद्धि एवं जनशक्ति विकास तथा वस्तु विकाससम्बन्धी विस्तृत कार्यक्रमहरूलाई समेटेको छ । यसैगरी निकासी व्यापार विकासको लागि विशेष केन्द्रित क्षेत्र (Special Focous Area) अन्तर्गत ४ वटा र जोड दिइएको क्षेत्र (Thrust Areas) अन्तर्गत १५ वटा गरी कुल १९ वटा वस्तुलाई समावेश गरी वाणिज्य नीतिले ती वस्तुको विकास, उत्पादन तथा मूल्य अभिवृद्धि, बजार पहुँच विस्तार लगायतका पक्षमा विभिन्न व्यवस्थाहरू समेटेको छ । मन्त्रालयले यस नीतिलाई प्रमुख मार्गदर्शक नीतिगत दस्तावेजका रूपमा लिई विभिन्न कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ । नीतिको प्रभावकारी कार्यान्वयनका लागि एक कार्ययोजनासमेत तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । वाणिज्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय **"बोर्ड अफ ट्रेड"** गठन भई कार्यरत छ ।

नेपालको निर्यात व्यापारलाई रणनीतिक सोचका साथ अघि बढाउने उद्देश्यले विभिन्न अन्तर्राष्ट्रिय सहयोग संस्थासमेतको सहयोगमा तयार गरिएको "नेपाल व्यापार एकीकृत रणनीति (NTIS-2010)" लाई नेपाल सरकारले सन् २०१० को जुन (२०६७ असार) देखि कार्यान्वयनमा ल्याएको छ । यसको कार्यान्वयनबाट नेपालका तुलनात्मक लाभ (Comparative Advantage) भएका र प्रतिस्पर्धी क्षमता (Competitive Advantage) भएका वस्तु तथा सेवाको निर्यात बढाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । रणनीतिले निर्यातलाई प्रतिस्पर्धी बनाउन आवश्यक ४ वटा कार्यनीतिलाई समेत उजागर

गरेको छ । ती हुन्- बजार पहुँचको सुनिश्चितता गर्ने, व्यापार-मैत्री वातावरणको सिर्जनाका निम्ति आन्तरिक सहयोगी संस्थाको विकास गर्ने, आपूर्ति क्षमताको सुदढीकरण गर्ने र व्यापार क्षमता विकासका लागि वैदेशिक सहायताको उचित परिचालन गर्ने । रणनीतिले तुलनात्मक लाभ भएका १२ वटा वस्तु तथा ७ वटा सेवा क्षेत्र पहिचान गरेको छ । जसमा कृषि खाद्यक्षेत्रसँग सम्बन्धित ७ वटा वस्तु, परम्परागत उद्योग र उत्पादनमूलक उद्योगसँग सम्बन्धित ७ वटा वस्तु र सेवाक्षेत्रसँग सम्बन्धित ७ वटा क्षेत्र रहेका छन् । रणनीतिले यी १९ वस्तु/सेवाको निर्यातका लागि प्रमुख १० वटा बजारसमेत पहिचान गरेको छ । आगामी ३ देखि ५ वर्षको अवधिलाई लक्षित गरी मुलुकको निर्यात प्रवर्द्धनसम्बन्धी प्राथमिकताका क्षेत्रहरूको पहिचान गरी विभिन्न कार्यान्वयनयोग्य सिफारिशहरू समेटेको यो रणनीतिलाई अहिले नेपाल सरकारबाट उपलब्ध बजेटका अतिरिक्त विभिन्न दातृनिकायको समेत आर्थिक-प्राविधिक सहयोग परिचालन गरी क्रमशःकार्यान्वयन गरिँदैछ ।

## २.४ चालु आ.व.मा सञ्चालित कार्यक्रम

चालु आ.व.मा मन्त्रालयबाट वाणिज्य नीति-२०६५, नेपाल व्यापार एकीकृत रणनीति-२०१०, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरूसमेतलाई मध्यनजर गरी वाणिज्य तथा आपूर्ति क्षेत्रमा विभिन्न ६ वटा आयोजना/कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । सञ्चालित कार्यक्रमहरूमध्ये वाणिज्य क्षेत्रसँग सम्बन्धित तीनवटा र आपूर्ति व्यवस्थापन क्षेत्रसँग सम्बन्धित तीनवटा रहेका छन् ।

वाणिज्य क्षेत्रतर्फ खासगरी गत आर्थिक वर्षदेखि शुरु गरिएको निर्यातमूलक उद्योगहरूलाई निर्यातमा दिइने प्रोत्साहन सुविधालाई निरन्तरता दिइएको छ । यसबाट निर्यातकर्ताहरू प्रोत्साहित भई मुलुकको खस्कँदो निकासी व्यापारलाई माथि उठाउन मद्दत पुग्ने देखिएको छ । यस कार्यका लागि रु. ३० करोड बजेट विनियोजन गरिएको छ । नेपाल व्यापार एकीकृत रणनीति,२०१० अन्तर्गत चालु आर्थिक वर्षमा अलैंचीको उन्नत जातको बीउ उत्पादन तथा ड्रायर सुविधा विस्तार गर्ने, नेपाली चिया तथा कफीको विदेशमा सामूहिक व्यापार चिह्न दर्ता गर्ने, स्वदेशी जडिबूटीको प्रशोधन, मूल्य अभिवृद्धि र व्यवसाय प्रवर्द्धन गर्ने, निर्यातयोग्य वस्तुहरूलाई प्रयोगशाला परीक्षण सुविधा उपलब्ध गराउन प्रयोगशालाको स्तरवृद्धि र गुणस्तर सुधार गर्ने, हस्तकला लगायतका अन्य स्वदेशी उत्पादनको निकासी वृद्धिका लागि देशभित्रै एक बृहत् व्यापार मेला आयोजना गर्ने लगायतका कार्यक्रम रहेका छन् । यस कार्यका लागि रु. ५ करोड बजेट विनियोजन गरिएको छ । यसैगरी व्यापारसम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन तथा प्रशोधन गरी प्रकाशन गर्ने, स्वदेशभित्र तथा बाहिर व्यापार मेला आयोजना गरी नेपाली उत्पादनको पहिचान र बजार पहुँच विस्तार गर्ने, निकासी व्यापार प्रवर्द्धनका क्षेत्रमा गुणस्तरीय जनशक्ति विकास गर्न विभिन्न क्षेत्रमा तालिम, प्रशिक्षण, अन्तर्क्रिया एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तथा निजी क्षेत्रसँग लागत साझेदारी गरी व्यापार प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन् । त्यसैगरी व्यापार पूर्वाधार सेवा विस्तार अन्तर्गत तातोपानीको लार्चामा अत्याधुनिक सुविधा सम्पन्न एकीकृत भन्सार जाँचपोष्ट (तातोपानी भन्सार निरीक्षण स्टेसन) निर्माण कार्य अघि बढाइएको छ । चीन सरकारको पूर्ण सहयोगमा निर्माण हुने उक्त स्टेसन आगामी दुई वर्षभित्र निर्माण सम्पन्न हुने लक्ष्य रहेको छ । यसको निर्माणपछि चीन र चीनको स्वशासित क्षेत्र तिब्बतसित हुने व्यापारमा सहजीकरण भई निकासी वृद्धिमा समेत सहयोग पुग्ने अपेक्षा रहेको छ ।

आपूर्तितर्फ ३० दुर्गम जिल्लामा १५,००० मे.ट. खाद्यान्न ढुवानी गर्ने र देशका १३ दुर्गम तथा ९ आंशिक दुर्गम गरी २२ वटा जिल्लामा ४०,००८ क्विन्टल आयोडिनयुक्त नून ढुवानी गरी सुपथ मूल्यमा दुर्गम क्षेत्रका जनतालाई उपलब्ध गराउने कार्यक्रम सञ्चालनमा रहेको छ । राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५,००० मे.ट. र सार्क खाद्य सुरक्षा बैंकमा ६८१५ मे.ट. गरी कुल ३१,८१५ मे.ट. खाद्यान्न

प्राकृतिक प्रकोपलगायत आपत्कालीन अवस्थाको लागि मौज्दात राख्ने कार्यक्रम सञ्चालनमा रहेको छ। विभिन्न ५ जिल्लामा गरी थप २७०० मे.ट. क्षमताका खाद्य गोदामको निर्माण कार्य चालु आर्थिक वर्षभित्रै पूरा हुने गरी अघि बढिरहेको छ। चालु आ.व.मा दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी कार्यक्रमका लागि झण्डै रु. ७१ करोड ६० लाख र कण्ठरोग नियन्त्रण कार्यक्रम (आयोडिनयुक्त नून ढुवानी) का लागि रु. ९ करोड ८० लाख बजेट छुट्याइएको छ। यसैगरी बजार अनुगमन, मूल्यसूची सङ्कलन तथा प्रकाशन, उपभोक्ता  जागरण लगायतका कार्यक्रमलाई सघनतासाथ सञ्चालन गरी उपभोक्तामाथि हुने ठगी, उपभोग्य वस्तुमा हुने मिसावट, कार्टेलिङ, अनावश्यक सञ्चिति र कृत्रिम मूल्य वृद्धिलाई नियन्त्रणमा ल्याउन विशेष जोड दिइएको छ। चालु आर्थिक वर्षमा उपभोक्ता हित संरक्षणका लागि सञ्चालन हुने विभिन्न कार्यक्रमका लागि रु. १ करोडभन्दा बढी बजेट विनियोजन गरिएको छ। यसअनुरूप चालु आ.व.मा वाणिज्य क्षेत्रतर्फको कार्यक्रमका लागि करिब रु. ५८ करोड ६५ लाख र आपूर्ति क्षेत्रतर्फको कार्यक्रमका लागि करिब रु. ८२ करोड ४७ लाख बजेट विनियोजन भएको छ।

## ३. वैदेशिक व्यापारको प्रवृत्ति र कार्यदिशा

### ३.१ पछिल्लो पाँच वर्षको नेपालको वैदेशिक व्यापारको स्थिति

नेपालको वैदेशिक व्यापारमा वर्षौंदेखि निर्यातको तुलनामा आयातको मात्रा बढी भई व्यापार घाटाको मात्रा बढ्दै आएको छ। आ.व. १९७५/७६ मा करीव १ अर्ब १९ करोड रूपैंयाको निर्यात र करीव १ अर्ब ८१ करोड रूपैयाँको आयात भई करीव ६२ करोड रूपैयाँको व्यापार घाटा रहेकोमा आ.व. २०१०/११ मा आइपुग्दा ६४ अर्ब ५६ करोड रूपैयाँको  निर्यात र ३९७ अर्ब ५४ करोड रूपैयाँको आयात भई झण्डै ३३३ अर्ब रूपैंया व्यापार घाटा देखिन आएको छ। साथै यो व्यापार घाटाको वृद्धिदर पछिल्ला वर्षहरूमा अधिक रूपमा बढ्दै गएको पाइन्छ। विगत आर्थिक वर्षको आयात निर्यातको तथ्याङ्क अनुसार मुलुकको कुल निर्यातले आयातको करीव १६ प्रतिशत अंशमात्र धान्न सक्ने देखिएको छ। मूलतः अनुत्पादक वस्तुको आयात बढ्दै गएको कारणबाट पनि अन्तर्राष्ट्रिय व्यापारको सञ्चालनमा थप चुनौती खडा भएको छ। नेपालको वैदेशिक व्यापारको पछिल्लो ५ वर्षको स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका १: नेपालको वैदेशिक व्यापारको स्थिति

रु. हजारमा

| | २००६/०७ | % | २००७/०८ | % | २००८/०९ | % | २००९/१० | % | २०१०/११ | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्यात | | | | | | | | | | |
| भारत | ४१,७२८,८०० | ७०.८ | ३८,५५५,७०० | ६५.९ | ४३,५७४,४८२ | ६३.५ | ३९,९०२,८११ | ६५.५ | ४२,८६८,१०८ | ६६.४ |
| चीन | १,२०२,७८३ | २.० | ९४४,४८९ | १.६ | २,१५१,७८३ | ३.१ | १,३८०,२७४ | २.२ | ९२५,४७८ | १.४ |
| अन्य | १५,९९५,५१४ | २७.२ | १८,९७४,१७० | ३२.५ | २२,,८७०,५८७ | ३३.४ | १९,६६६,५१८ | ३२.३ | २०,७६८,८५८ | ३२.२ |
| **जम्मा** | **५८,९२७,०९७** | **१००** | **५८,४७४,३५९** | **१००** | **६८,५९६,८५२** | **१००** | **६०,९४९,६०३** | **१००** | **६४,५६२,४४४** | **१००** |
| आयात | | | | | | | | | | |
| भारत | ११५,८७२,३०० | ५९.२ | १४२,३७६,५०० | ६०.१ | १६५,११९,००२ | ५६.७ | २१४,२६१,१०९ | ५७.० | २५९,१६२,२७७ | ६५.२ |
| चीन | १७,७१८,१६४ | ९.० | २३,४३३,२०५ | ९.९ | ३४,४६५,७९१ | ११.९ | ४३,४४५,६१३ | ११.६ | ४६,६२९,७५४ | ११.७ |
| अन्य | ६२,२१७,९४८ | ३१.८ | ७१,२२०,५७१ | ३०.० | ९१,४१६,१५१ | ३१.४ | ११७,८९९,१४८ | ३१.४ | ९१,७४३,९११ | २३.१ |
| **जम्मा** | **१९५,८०८,४१२** | **१००** | **२३७,०३०,२७६** | **१००** | **२९१,०००,९४४** | **१००** | **३७५,६०५,८७०** | **१००** | **३९७,५३५,९४२** | **१००** |
| व्यापार घाटा | | | | | | | | | | |
| भारत | ७४,१४३,५०० | ५४.१६ | १०३,८२०,८०० | ५८.१५ | १२१,५४४,५२० | ५४.६५ | १७४,३५८,२९८ | ५५.४१ | २१६,२९४,१६९ | ६४.९६ |
| चीन | १६,५१५,३८१ | १२.०७ | २२,४८८,७१६ | १२.५९ | ३२,३१४,००८ | १४.५३ | ४२,०६५,३३९ | १३.३७ | ४५,७०४,२७६ | १३.७३ |
| अन्य | ४६,२२२,४३४ | ३३.७७ | ५२,२४६,४०१ | २९.२६ | ६८,५४५,५६४ | ३०.८२ | ९८,२३२,६३० | ३१.२२ | ७०,९७५,०५३ | २१.३१ |
| **जम्मा** | **१३६,८८१,३१५** | १०० | **१७८,५५५,९१७** | १०० | २२२,४०४,०९२ | १०० | **३१४,६५६,२६७** | १०० | **३३२,९७३,४९८** | १०० |

*स्रोत : नेपाल राष्ट्र बैङ्क र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

नेपालको आयात तथा निर्यात दुवैमा भारत प्रमुख साझेदारको रूपमा रही आएको छ । भारत बाहेक नेपालका अन्य मुख्य व्यापारिक साझेदारहरू (Major Trading Partners) मा निर्याततर्फ भारत, चीन, बंगलादेश, संयुक्तराज्य अमेरिका, जर्मनी, संयुक्त अधिराज्य, फ्रान्स, टर्की, क्यानाडा, सिंगापुर, इटाली, जापान लगायत छन् । आयाततर्फ भारत, चीन, अर्जेन्टिना, इण्डोनेशिया, थाइलैण्ड, दक्षिण कोरिया, मलेशिया, जापान, संयुक्तराज्य अमेरिका, सिंगापुर, साउदी अरब र युरोपेली मुलुकहरू रहेका छन् । नेपालको मुख्य निर्यात वस्तुहरूमा फलाम तथा स्टीलका वस्तुहरू, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, टेक्सटाइल, तयारी पोशाक, दाल, जुटका झोला तथा बोराहरू, तामा, पश्मिना, चिया, अलैंची आदि रहेका छन् भने मुख्य आयात हुने वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलाम र स्टील तथा तिनका उत्पादनहरू, मेशिनरी तथा पार्टपूर्जा, यातायातका साधनहरू, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक पार्ट्स, आदि रहेका छन् ।

## ३.२ नेपाल–भारत व्यापार

नेपालको आयात तथा निर्यात व्यापारमा भारत वर्षौंदेखि प्रमुख साझेदारको रूपमा रहँदै आएको छ । माथिको तालिकामा उल्लेख गरिएअनुसार विगत ५ वर्षको अर्थात् आ.व. २००६/०७ देखि आ.व. २०१०/११ सम्मको अवधिमा नेपालको कुल निर्यातमा भारतको हिस्सा ६४ देखि ७१% सम्म र नेपालको कुल आयातमा भारतको हिस्सा ५९ देखि ६५ प्रतिशतसम्म रहेको छ । भारतसँग आ.व. २००६/०७ मा रु. ७४.१४ अर्व व्यापार घाटा रहेकोमा वर्षेनी व्यापार घाटा बढ्न गई आ.व. २०१०/११ म रु. २ खर्व १६ अर्व पुगेको तथ्याङ्कले देखाएको छ । यसरी ५ वर्षको अवधिमा भारतसँग निर्यात २.७ प्रतिशतले मात्र वृद्धि हुँदा आयात १२४ प्रतिशतले वृद्धि भई व्यापार घाटा १९२ प्रतिशतले वृद्धि भएको छ । यसले नेपालको भारतसँगको द्विपक्षीय व्यापारका संवेदनशीलतालाई स्पष्ट गर्दछ ।

नेपालबाट भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरूमा जिंकसिट, जुटका सामान, धागो, एम एस पाइप, प्लाष्टिकका भाडा, जुस, अलैंची, तार, आयुर्वेदिक औषधि, कपडा, टुथपेस्ट, जुत्ता तथा चप्पल, छाला तथा घ्यू जस्ता वस्तुहरू रहेका छन् भने भारतबाट आयात हुने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, एम एस विलेट, यन्त्र तथा पार्ट्स, रासायनिक मल, औषधि, विद्युतीय सामान, पाइप तथा पाइप फिटिङ्स, एम एस वायर, कृषि उपकरण, कपडा, सिमेन्टजस्ता वस्तुहरू रहेका छन् ।

एकातिर भारतसँगको व्यापारिक अन्तरनिर्भरताको बढ्दो प्रवृत्तिले भारतसँगको द्विपक्षीय व्यापारमा निकासी प्रवर्द्धनका लागि थप प्राथमिकता दिनुपर्ने देखिएको छ भने अर्कोतर्फ वर्षेनी बढ्दै गएको भारतसँगको व्यापार घाटालाई कम गर्ने थप उपायहरू खोजिनु त्यत्तिकै जरुरी देखिन्छ ।

नेपाल र भारतबीच छुट्टाछुट्टै द्विपक्षीय व्यापार तथा पारवहन सन्धिहरू भएका छन् । व्यापार सन्धिअनुसार नेपालमा उत्पादन भएका प्रायः सबै वस्तुहरूमा भारतीय बजारमा भन्सारमुक्त प्रवेश सुविधा उपलब्ध छ । नेपालको तेस्रो मुलुकसँग हुने अधिकांश व्यापार भारतको कोलकाता/हल्दिया बन्दरगाहमार्फत नै हुने गरेको छ । यस अतिरिक्त थप बन्दरगाहको रूपमा विशाखापट्टनम् बन्दरगाह सञ्चालनमा ल्याउने सम्बन्धमा भारतीय पक्ष सहमत भएको छ । यसका लागि दुई देशबीच Letter of Exchange (LoE) को मस्यौदा आदान-प्रदान भई वार्ताको क्रम अगाडि बढेको छ । नेपालको बङ्गलादेशसँगको व्यापारलाई सहजीकरण तथा प्रवर्द्धन गर्न रोहनपुर-सिंहवाद नाकालाई अतिरिक्त पारवहन मार्ग (Additional Transit Route) का रूपमा सञ्चालनमा ल्याउने सम्बन्धमा नेपाल र भारतबीच हुने LoE को मस्यौदा तयार गरिएको छ । साथै, नेपालको बङ्गलादेशसँग पनि पारवहन सम्झौता भइसकेको छ ।

### ३.३ नेपाल चीन व्यापार

चीन नेपालको अर्को प्रमुख व्यापारिक साझेदारको रूपमा रहँदै आएको छ । आ.व. २००६/०७ देखि आ.व.२०१०/११ सम्म नेपालको कुल निर्यातमा चीनको हिस्सा १.४ देखि ३.१ प्रतिशतसम्म मात्र रहेको छ भने नेपालको कुल आयातमा सोही अवधिमा चीनको हिस्सा ८ देखि करिव १२ प्रतिशतसम्म रहेको छ । चीनसँग आ.व. २००६/०७ मा रु. १.२ अर्वको निर्यात भएकोमा आ.व. २०१०/११ मा करीव रु. ९३ करोड मात्र निर्यात भई चीनतर्फ निर्यात घट्न गएको अवस्था छ भने आयाततर्फ २००६/०७ मा रु. १७ अर्ब रूपैयाँको आयात भएकोमा आ.व. २०१०/११ मा आयात ४७ अर्व पुगी आ.व. २०१०/११ मा झण्डै ४६ अर्वको व्यापार घाटा रहेको अवस्था छ । नेपालबाट चीनतर्फ निर्यात हुने प्रमुख वस्तुहरूमा तामा तथा तामा निर्मित वस्तुहरू, वनस्पति घ्यू तथा तेल, चाउचाउ, हस्तकलाका सामग्री, जडिबुटीहरू प्रमुख छन् भने चीनबाट आयात हुने वस्तुहरूमा दूरसञ्चार उपकरण, विद्युतीय तथा मेशिनरी उपकरण, लत्ताकपडा, प्लास्टिक, आइरन तथा फलामका सामानहरू रहेका छन् ।

उल्लिखित अवस्थाबाट नेपालको कुल वैदेशिक व्यापारको ७२.४ प्रतिशत भन्दा बढी व्यापार भारत र चीनसँग मात्र छ भने कुल वैदेशिक व्यापार घाटाको ७८.४ प्रतिशत भन्दा बढी व्यापार घाटा यी दुई देशहरूसँग रहेको देखिन्छ ।

### ३.४ अन्य मुलुकहरूसँगको व्यापार

पछिल्लो वर्ष अर्थात् आ.व. २०१०/११ मा नेपालबाट भारत र चीनबाहेक अन्य मुलुकतर्फ कुल निर्यातको ३२.२ % र कुल आयातको २३.१ % व्यापार भएको देखिन्छ । यसप्रकार अन्य मुलुकतर्फ निर्यात भएका वस्तुहरूमा विशेषगरी ऊनी गलैंचा, पश्मिना, दाल, प्रशोधित छाला, चिया, चाँदीका गरगहना, जडिबुटी, नेपाली कागज र कागजबाट बनेका सामान तथा हस्तकलाका सामान, तयारी पोशाक रहेका छन् भने अन्य मुलुकहरूबाट आयात हने वस्तुहरूमा मुख्यतया सुन, तयारी पोशाक, स्टील रड र पाता, मेसिनरी र यसको पार्टपुर्जा, औषधि, खाने तेल, विद्युतीय सामान, कच्चा पाम तेल, एम.एस. विलेट, यातायातका उपकरण र पार्ट्स आदि छन् ।

बढ्दो व्यापार घाटा क्रमशः न्यून गर्न निकासीकर्ताहरूलाई थप प्रोत्साहित गर्ने नीति अनुरूप आ.व. २०६७६८ देखि निर्यातमा नगद प्रोत्साहनको व्यवस्था लागू गरिएको छ । नेपालको निर्यात सम्भाव्य बजारहरूको खोजी गरी नयाँ राष्ट्रहरूसँग द्विपक्षीय व्यापार सन्धि सम्झौता गर्ने नीति अनुरूप गत अप्रिल, २०११ मा अमेरिकासँग व्यापार तथा लगानी संरचनासम्बन्धी सम्झौता (TIFA) गरिसकिएको छ । यस सम्झौताअन्तर्गत व्यापार तथा लगानी परिषद्को बैठक सन् २०१२ को मार्चमा काठमाण्डौमा हुँदैछ । नेपालको निर्यात सम्भाव्य बजारहरू रहेका अन्य मुलुकहरूसँग भविष्यमा व्यापार सन्धि गरी निकासी प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । निकासीलाई व्यवस्थित गर्न उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि तयारीको क्रममा रहेको छ ।

### ३.५ क्षेत्रीय व्यापार

नेपाल दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र सम्झौता (SAFTA) तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (BIMSTEC) जस्ता क्षेत्रीय व्यापार संगठनमा क्रियाशील रहँदै आएको छ । यी क्षेत्रीय सञ्जालमार्फत व्यापारमा अधिकतम सहजीकरण तथा क्षेत्रीय एकीकरण गर्दै लाभ प्राप्त गर्ने प्रयासका बावजूद व्यापारमा खास बढोत्तरी हुन नसकेको अवस्था विद्यमान छ । दक्षिण एशियाली क्षेत्रको विकासको लागि सम्भावना बोकेको सेवा व्यापारलाई मूर्त रूप दिन भूटानको थिम्पुमा सम्पन्न सार्कको सोह्रौं शिखर सम्मेलनका अवसरमा सार्क सेवा व्यापार सम्झौता (SATIS) भइसकेको र उक्त सम्झौतालाई अनुमोदनको लागि सम्मानित व्यवस्थापिका-संसदमा प्रस्तुत गरिएको छ । साथै, BIMSTEC स्वतन्त्र व्यापार सम्झौताले समेट्ने वस्तु व्यापार, सेवा

व्यापार र लगानीमध्ये वस्तु व्यापारसम्बन्धी सम्झौता वार्ताको अन्तिम चरणमा पुगिसकेको छ । यस अतिरिक्त नेपाल एशिया प्रशान्तक्षेत्रीय व्यापार सम्झौता(APTA)मा पनि पर्यवेक्षकको रूपमा रहेको छ ।

नेपालले साफ्टा व्यापार उदारीकरण कार्यक्रम (TLP) अन्तर्गत भन्सार दरलाई क्रमशः घटाई सन् २०१६ को जनवरीसम्ममा ० देखि ५% मा कायम गर्नुपर्ने प्रावधान भएबमोजिम भन्सार दर घटाउँदै जाने कार्य क्रमिक रूपमा कार्यान्वयनमा ल्याइएको छ । साफ्टा व्यापार वार्तामा संवेदनशील सूचीमा समावेश वस्तुहरूमध्ये सदस्य राष्ट्रहरूको अनुरोधलाई यथाशक्य सम्बोधन गर्ने तवरले २० प्रतिशत वस्तुहरूलाई सो सूचीबाट हटाउने सहमति भएअनुसार त्यस्तो सूची सार्क सचिवालयमा पठाइसकिएको छ ।

### ३.६ वैदेशिक व्यापार प्रवर्द्धनमा गरिएका संरचनागत सुधारहरू

व्यापार क्षेत्रलाई उदार, प्रतिस्पर्धी र बजारोन्मुख बनाउने उद्देश्यले नेपाल सरकारले समय समयमा विभिन्न नीतिगत तथा संस्थागत सुधारका प्रयासहरूलाई अघि बढाउँदै आएको छ । यस क्रममा नेपालको विश्व व्यापार संगठनमा प्रवेश, साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय व्यापार प्रणालीहरूसँगको आबद्धता समेतले ल्याएको परिवर्तनलाई सम्बोधन गर्न वाणिज्य नीति २०४९ लाई प्रतिस्थापन गरी २०६५ मा नयाँ वाणिज्य नीति कार्यान्वयनमा ल्याइएको छ । यस अतिरिक्त प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण, वित्तीय कारोवार, कम्पनी सञ्चालन, भन्सारसम्बन्धित नयाँ ऐन तथा नियमावलीहरू जारी भई कार्यान्वयनमा रहेका छन् । नेपालको निर्यात व्यापारलाई रणनीतिक सोचका साथ अघि बढाउने उद्देश्यले २०६७ असारमा 'नेपाल व्यापार एकीकृत रणनीति-२०१०' जारी गरिएको छ । नेपाल सरकारबाट उपलब्ध बजेट र वैदेशिक दातृनिकाय समेतको आर्थिक, प्राविधिक सहायतामा यो कार्यान्वयनको चरणमा रहेको छ । नेपाल-भारतबीच २०६६ कार्तिकमा भएको नयाँ वाणिज्य सन्धि तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताले भारतसितको व्यापारलाई सहजीकरण गर्न थप मद्दत पुगेको छ । साफ्टा र विमस्टेक जस्ता संयन्त्रहरूमार्फत क्षेत्रीय स्तरमा व्यापारलाई थप प्रवर्द्धन गर्न विभिन्न प्रयासहरू भइरहेका छन् ।

व्यापार क्षेत्रको संस्थागत विकासका लागि माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा Board of Trade र वाणिज्य तथा आपूर्ति सचिवको अध्यक्षतामा तयारी पोशाक निर्यात प्रवर्द्धन समिति गठन भएको छ । विश्व व्यापार संगठनको Enhanced Intregared Framework (EIF) अन्तर्गत प्राप्त हुने वैदेशिक सहायताको उचित परिचालन र अन्तरमन्त्रालय समन्वयका लागि नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा निर्देशक समिति गठन गरिएको छ । वाणिज्य सचिवलाई EIF Focal Point का रूपमा तोकिएको छ । EIF मार्फत प्राप्त हुने सहयोगको कार्यान्वयनका लागि मन्त्रालयमा National Implementation Unit (NIU) स्थापना गरी सञ्चालनमा ल्याइएको छ । नेपाल-भारत, नेपाल-चीन र नेपाल-अमेरिकाबीच व्यापार तथा लगानी विस्तारका लागि विभिन्न तहका अन्तर-सरकारी समिति गठन भई सञ्चालनमा रहेका छन् ।

व्यापार पूर्वाधार संरचनातर्फ वीरगञ्ज, भैरहवा, विराटनगर र काँकडभिट्टामा सुख्खा बन्दरगाह सञ्चालनमा आइसकेका छन् तातोपानी, कृष्णनगर लगायतका प्रमुख भन्सार नाकाहरूमा सुख्खा बन्दरगाह निर्माणका लागि सम्भाव्यता अध्ययन, जग्गा अधिग्रहण लगायतका कार्यहरू भइरहेका छन् । सुदूर पश्चिमाञ्चलको महेन्द्रनगर-वनवासा नाकामा पुलको अभावले गर्दा व्यापार सञ्चालनमा कठिनाई भैरहेको कुरालाई ध्यानमा राखी महाकाली नदीमा पुल निर्माण गर्ने र चाँदनी दोधारा गा.वि.स.मा सुख्खा बन्दरगाह निर्माणका लागि सम्भाव्यता अध्ययन गराइने छ ।

### ३.७ नेपालमा व्यापारका लागि वैदेशिक सहायता (Aid for Trade) परिचालन

नेपालको व्यापार क्षेत्रको विकासका लागि वैदेशिक सहायताको महत्वपूर्ण भूमिका रहेको छ । व्यापारसँग प्रत्यक्ष सरोकार राख्ने विषयदेखि अप्रत्यक्ष रूपमा व्यापार विकासमा योगदान गर्ने समग्र

क्रियाकलापहरू सञ्चालन गर्न नेपालको वार्षिक बजेटको करिब २८ प्रतिशत हिस्सा वैदेशिक सहायताबाट व्यहोरिने गरिएको छ । यसको अतिरिक्त बजेटमा समावेश नभएका प्राविधिक सहायता पनि उल्लेखनीय नै रहेका छन् । नेपालमा व्यापारको लागि सहयोग परिचालन सन् १९९० को दशकदेखि नै शुरु भएता पनि सन् २००५ मा हङकङमा सम्पन्न विश्व व्यापार संगठनको मन्त्रिस्तरीय बैठकको निर्णयपश्चात् मात्र यसलाई व्यवस्थित गर्ने प्रयास भएको पाइन्छ । विश्व व्यापार संगठनअन्तर्गत स्थापित Integrated Framework (IF) अन्तर्गत Window I र Window II बाट सन् २००६ देखि २०१० सम्म करिव १० लाख अमेरिकी डलर बराबरको सहयोग प्राप्त भएको देखिन्छ । यो सहयोग व्यापार क्षमता अभिवृद्धि अन्तर्गत विभिन्न कार्यक्रमहरूमा खर्च भएको थियो । सन् २००७ मा IF, Enhanced Integrated Framework (EIF) को रूपमा रूपान्तरण भएपश्चात् सन् २०१० देखि २०१३ सम्मका लागि करिव ९ लाख अमेरिकी डलर प्राप्त हुने भएको छ । यसका अलावा व्यापारको लागि सहयोग कार्यक्रम अन्तर्गत विभिन्न दातृ निकायहरूबाट अन्य थप स्रोतहरू समेत परिचालन गरिँदै आएको छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयमा EIF National Implementation Unit अन्तर्गत NECTRADE परियोजना सञ्चालनमा रहेको छ । यसको साथै नेपाल व्यापार एकीकृत रणनीति (NTIS-2010) लाई प्रमुख आधार मानी विभिन्न दातृ निकायहरूले सहयोगका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गरिरहेका छन् । यसक्रममा जर्मन सहयोग संस्था GIZ बाट WTO प्रतिबद्धता कार्यान्वयनमा र अमेरिकी सहयोग संस्था USAID बाट एकीकृत रणनीतिको कार्यान्वयनका लागि सहयोगका विभिन्न कार्यक्रमहरू शुरु भइसकेका छन् भने बेलायती सहयोग संस्था DFID, European Commission लगायतका निकायहरूले नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयनका लागि सहयोग गर्न रुचि व्यक्त गरेका छन् ।

दीर्घकालीन रूपमा नेपालले व्यापारका लागि सहायता परिचालनका लागि क्षेत्रगत अवधारणा (Sector Wide Approach : SWAp) को प्रयोगलाई क्रमशः कार्यान्वयमा ल्याउने सोच राखी हाल एक कार्यदल समेत गठन भई कार्यरत छ । कार्यदलले क्षेत्रगत अवधारणा कार्यान्वयनसम्बन्धी मस्यौदा प्रतिवेदन तयार गरी पेश गरिसकेको छ । यसलाई सम्बन्धित सरोकारवालाहरूसँगको छलफलबाट अन्तिम रूप दिई कार्यान्वयनमा ल्याइनेछ ।

**वैदेशिक सहायता परिचालनमा भएका प्रमुख गतिविधि**

- राष्ट्रिय निर्देशक समितिको बैठकमार्फत नेपालमा व्यापार विकासका लागि सरकारी तथा निजी क्षेत्रहरूका समग्र प्रयासमा व्यापारलाई मूलप्रवाहीकरण गर्ने प्रयासलाई अघि बढाइएको ।
- NECTRADE परियोजनामार्फत प्रारम्भिक रूपमा क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू भइरहेका ।
- विभिन्न सरकारी तथा निजी क्षेत्रका व्यावसायिक नेतृत्वहरूसँग समन्वय गरी नेपाल व्यापार एकीकृत रणनीति,२०१० को कार्यान्वयनलाई सहजीकरण गरिएको ।
- पूर्वाधार विकास र वस्तु विकास कार्यक्रम अन्तर्गत अदुवा विकासका लागि EIF र Standard Trade Development Facility (STDF) को सहयोगमा परियोजना स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको ।
- जर्मन सहयोग संस्था GIZ बाट WTO प्रतिबद्धता कार्यान्वयनमा र अमेरिकी सहयोग संस्था USAID बाट नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयनका लागि सहयोगका विभिन्न कार्यक्रमहरू शुरु भइसकेका छन् । त्यसैगरी स्थानीयस्तरमा विभिन्न बहुपक्षीय तथा द्विपक्षीय दातृ निकायहरूसँग सो रणनीतिको कार्यान्वयका लागि सहयोग गर्न घनीभूत रूपमा छलफल अघि बढाइएको तथा युरोपियन कमिसनबाट स्वास्थ्य र वनस्पतिजन्य स्वास्थ्य (SPS) तथा

व्यापारमा लगाइने प्राविधिक अवरोध (TBT) का क्षेत्रमा मूल्य शृंखला (Value Chain) मा काम गर्न इच्छा अभिव्यक्त भएको छ ।

- अन्तर्राष्ट्रियस्तरमा दातृ निकायहरूसँग सहयोगका लागि पहल भइरहेको तथा यस क्रममा अन्तर्राष्ट्रिय व्यापार केन्द्र (ITC) मार्फत पश्मिना विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव अन्तिम चरणमा रहेको ।
- नेपाल व्यापार एकीकृत रणनीति-२०१० को कार्यान्वयनका लागि नेपाल सरकारले नियमित बजेटमार्फत अलग्गै बजेट रु. पाँच करोड विनियोजन गरी रणनीतिप्रतिको सरकारको प्रतिबद्धता जाहेर भई विभिन्न कार्यक्रम सञ्चालनमा रहेको ।
- उक्त रणनीतिको कार्यान्वयनका लागि द्विपक्षीय तथा बहुपक्षीय स्थानीय एवं अन्तर्राष्ट्रिय दातृनिकायहरूका प्रतिनिधिहरूसँग उनीहरूको प्राथमिकताको क्षेत्र यकीन गरी कार्यान्वयनमा सहयोग गर्न छलफल र अन्तर्क्रियामार्फत पहल भइरहेको ।
- रणनीतिको कार्यान्वयनका लागि क्षेत्रगत मन्त्रालयहरूमा सहसचिवको संयोजकत्वमा प्राविधिक समिति गठन भई परियोजना प्राथमिकीकरण र कार्यान्वयन कार्यलाई अघि बढाइएको ।

### ३.८ अन्तर्राष्ट्रिय व्यापारका समस्या

विभिन्न नीतिगत तथा संरचनागत सुधारका बाबजूद नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात कम भई हरेक वर्ष व्यापार घाटा बढ्दै गएको र यसले शोधनान्तर स्थितिमा समेत प्रतिकूलता ल्याएको छ । यस परिप्रेक्ष्यमा व्यापारलाई आर्थिक विकासको संवाहकका रूपमा राष्ट्रिय अर्थतन्त्र र विकास योजनामा मूलप्रवाहीकरण गर्दै स्वदेशी उत्पादनलाई विश्व बजारमा गुणस्तरीय र प्रतिस्पर्धी बनाई निकासी व्यापार निर्देशित आर्थिक वृद्धि हासिल गर्ने तर्फ प्रयासहरू केन्द्रित हुनुपर्ने देखिन्छ । यस सन्दर्भमा रहेका निम्न लिखित समस्याहरूलाई सम्बोधन गर्नुपर्ने देखिन्छ :

- अधिकांश निर्यातयोग्य वस्तुहरू आयातीत कच्चा पदार्थमा र न्यूनतम मूल्य अभिवृद्धिमा आधारित ।
- निर्यातयोग्य कृषि क्षेत्रका वस्तुहरूको व्यावसायिक उत्पादन हुन नसक्नु ।
- लगानी एवं व्यापारमैत्री वातावरणको कमी ।
- निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य आर्थिक क्षेत्रहरू (कृषि, वन, पर्यटन आदि) सँग एकीकृत गर्न नसक्नु ।
- आपूर्तिजन्य कठिनाइहरू विद्यमान रहनु ।
- प्रमुख निकासीजन्य वस्तुहरूको गुणस्तरमा कमी ।
- शान्ति सुरक्षाको कमजोर अवस्था ।
- असहज श्रम सम्बन्ध ।
- ऊर्जा संकटको कारणले उच्च उत्पादन लागत र प्रतिस्पर्धी क्षमतामा ह्रास ।
- भौतिक पूर्वाधारको अपर्याप्तता एवं भएका पूर्वाधारहरू पनि पूर्ण उपयोगमा आउन नसक्नु ।
- छिमेकी मुलुकहरूसँगको पारवहन प्रक्रियाजन्य कठिनाइको कारण निर्यातजन्य वस्तुको कारोबार लागत (Transaction Cost) उच्च रहनु ।
- तुलनात्मक लाभका विशिष्ट क्षेत्रहरूमा प्रतिस्पर्धात्मक लाभको विकास गर्न अत्यावश्यक लगानी हुन नसक्नु ।
- गुणस्तर प्रमाणीकरण (Certification) र सो सम्बन्धी आधारभूत प्रयोगशाला, कानून र जनशक्तिको कमी ।
- उत्पादक तथा निर्यातकर्ताहरूलाई अन्तर्राष्ट्रिय ट्रेडमार्कको उपयोगतर्फ परिचालन गर्न नसक्नु ।

## ४. आपूर्ति व्यवस्थापनको विद्यमान अवस्था

दैनिक उपभोग्य अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति नियमित, सर्वसुलभ, गुणस्तरीय र उचित मूल्यमा उपभोक्तालाई उपलब्ध गराउनका लागि सरकारले विगतदेखि नै विभिन्न संस्थागत तथा कानूनी प्रयासहरू गर्दै आएको छ । यद्यपि यी प्रयासहरूका बाबजूद पनि सक्षम, सुलभ तथा प्रभावकारी आपूर्ति व्यवस्था हुन नसकेको यथार्थता हामीसामु विद्यमान छ । सरकारले मुलुकमा नून र पेट्रोलियम पदार्थबाहेक अन्य उपभोग्य वस्तुको आपूर्ति खुला बजार तथा उदारीकरणको अवधारणा अनुरूप बजारको स्वचालित सिद्धान्तअनुसार हुने व्यवस्था गरेको छ । यसको साथसाथै विकट दुर्गम जिल्ला तथा सङ्कटग्रस्त क्षेत्रका जनतालाई अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र गुणस्तरीयरूपमा उपलब्ध गराई जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्न विभिन्न सार्वजनिक संस्थानहरूको सञ्चालन, व्यवस्थापनमार्फत आपूर्ति व्यवस्थालाई व्यवस्थित तथा प्रभावकारी बनाउन निरन्तर प्रयास गर्दै आएको छ । स्वच्छ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकासमार्फत आपूर्ति व्यवस्थालाई नियमित, सर्वसुलभ भरपर्दो बनाउन तथा अस्वाभाविक अवस्थामा बजार हस्तक्षेपको माध्यमबाट आपूर्ति व्यवस्थापन गरी सर्वसाधारणको हित संरक्षण गर्नका लागि सरकारले अन्तर्राष्ट्रिय सहयोग समेत लिई आपूर्तिलाई सहज बनाउने प्रयास गर्दै आएको छ । अत्यावश्यक वस्तुको आपूर्तिको वर्तमान अवस्था देहाय बमोजिम रहेको छ ।

### ४.१ खाद्यान्न आपूर्ति

नेपाल सरकारको खाद्य नीतिबमोजिम खाद्य संस्थानले देशभित्र खाद्यान्नको सहज आपूर्तिको व्यवस्था गर्नका लागि खाद्यान्न खरिद, ढुवानी, संचय तथा विक्री वितरण गर्ने, खाद्यान्न आयात गर्ने, गोदाम तथा मिल सञ्चालन गर्ने र खाद्य सुरक्षाको लागि खाद्यवस्तुको मौज्दात राख्ने गर्दछ । संस्थानमा नेपाल सरकारको ९९ करोड ४ लाख ९५ हजार लगानी रहेको छ । आ.व. २०६६।०६७ को लेखा परीक्षणको प्रतिवेदनअनुसार संस्थानको कुल सञ्चित घाटा करीब रु. १ अर्ब १० करोड ७६ लाख रहेको छ ।

गत आ.व. २०६७।०६८ मा दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी कार्यक्रमको लागि रु. ५३ करोड ५० लाख रकमबाट १६,५०४ मे.टन खाद्यान्न ढुवानी गर्ने कार्यक्रम स्वीकृत भएकोमा १६,५३८ मे. टन खाद्यान्न ढुवानी भई सो बापत रु. ५३ करोड ५७ लाख ४९ हजार खर्च भएको थियो । चालु आ.व २०६८।६९को स्वीकृत कार्यक्रमअनुसार ३० दुर्गम जिल्लामा खाद्यान्न ढुवानी कार्यक्रको लागि रु. ४८ करोड रकमबाट १५,००० मे. टन खाद्यान्न ढुवानी गर्ने कार्यक्रम भएकोमा २०६८ आश्विन २२ गते सम्ममा १३९२ मे. टन खाद्यान्न ढुवानी गरी आपूर्ति गरिसकिएको छ भने ३७७२ मे.टन खाद्यान्न विक्री वितरण गरिसकिएको छ । आ.व.२०६७६८ मा नेपाल खाद्य संस्थानले धान, चामल र गहुँ क्रमशः ७५,०० मे.टन, २०,००० मे.टन र २,००० मे.टन खरिद गर्ने लक्ष्य राखेकोमा क्रमशः ३,०१५ मे.टन, १९,००० मे.टन र ३३७ मे.टन खरिद गरी बिक्री-वितरण गरेको थियो । चालु आ.व.मा धान ७५०० मे.ट., चामल २३,८१५ मे.ट. र गहुँ २००० मे.ट. खरिद गर्ने लक्ष्य रहेको छ ।

बफरस्टक कार्यक्रमअन्तर्गत राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा आ.व. २०६७/०६८ सम्म रहेको १५,००० मे.टन खाद्यान्न मौज्दातलाई २५,००० मे.टन मौज्दात बनाउन चालु आ.व.मा थप १०,००० मे.टन खाद्यान्न खरिद गर्न बजेट विनियोजित भएको छ । सार्क खाद्य बैंकमा रहेको ४,००० मे.टन खाद्यान्न मौज्दातलाई दोब्बर गरी ८००० मे.टन मौज्दात राख्ने गरी कार्यक्रम रहेकोमा थप २८१५ मे.टनको लागि मात्र बजेट विनियोजित भई कुल ६८१५ मे.टन कायम गर्न सकिएको छ ।

**समस्या एवं चुनौती**

- खाद्यान्न अभाव तथा प्राकृतिक विपत्तिले गर्दा हरेक वर्ष दुर्गम क्षेत्रमा निर्धारित कोटाभन्दा बढी खाद्यान्न आपूर्तिको थप माग आउने गरेको ।
- ३० दुर्गम जिल्लाहरूको समयानुकूल पुनरावलोकन नहुँदा यातायात सुविधा पुगेका कतिपय जिल्लामा पनि खाद्यान्न ढुवानीको लागि अनुदान जारी राख्नु परेको ।
- खाद्यान्नको माग र आपूर्ति प्रक्षेपण गरी समन्वयात्मक रूपमा मध्यकालीन, दीर्घकालीन रणनीति तर्जुमा गर्न नसकिएको ।
- संस्थानको देशभर ५८ वटा डिपो कार्यालयहरू रहे पनि द्वन्द्वकालमा असुरक्षाका कारण अधिकांश डिपोहरू सञ्चालनमा नरहेको । पुनः सञ्चालन गर्न बजेट व्यवस्थाको लागि माग गरेकोमा बजेट उपलब्ध नभएकोले बन्द डिपोहरूलाई पुनः सञ्चालनमा ल्याउन नसकिएको ।
- दुर्गम क्षेत्रका जनतामा स्थानीय उत्पादन उपभोग गर्ने भन्दा पनि बाहिरबाट आपूर्ति गरिने चामल लगायतका खाद्यान्नको उपभोग गर्ने प्रवृत्ति बढ्दै गएकोले ती जिल्लामा चामल ढुवानीका लागि थप चाप परिरहेको । यसले एकातिर स्थानीय उत्पादनको प्रवर्द्धनमा ह्रास आएको र अर्कोतिर चामलको उच्च मागका कारण निरन्तर मूल्य वृद्धि हुँदै गइरहेकोले जीवनयापन असहज हुँदै गएको ।
- स्थानीयस्तरको उत्पादनलाई प्राथमिकता दिनेतर्फ अभियानको रूपमा कृषि कार्यक्रम सञ्चालन गर्न नसकिएको । स्थानीयस्तरमा उत्पादित वस्तुहरूको बजारीकरणको अभाव तथा जनतालाई स्थानीय उत्पादन उपभोग गर्ने बानी बसाल्नेतर्फ जनचेतनामूलक कार्यक्रम सञ्चालनको अभाव रहेको ।
- संस्थानको खाद्यान्न भण्डारण क्षमता न्यून रहेको । पुराना जीर्ण गोदामहरूको मर्मत सम्भार गर्न बजेट अभाव भएको ।
- संस्थानले आफ्नै ब्राण्डका चामल, दाल, गहूँ, पीठो, तेल लगायतका अत्यावश्यक उपभोग्य वस्तु बजारमा विक्री वितरणमा ल्याउन नसकेको ।
- संस्थानको अचलसम्पत्तिलाई व्यावसायिक कार्यमा उपयोगमा ल्याउन नसक्दा एकातिर बहुमूल्य जग्गा त्यसै खेर गइरहेको र अर्कोतर्फ संस्थानलाई आत्मनिर्भर संस्थाको रूपमा स्थापित हुन गाह्रो परिरहेको ।

**४.२ नून आपूर्ति**

देशमा गुणस्तरयुक्त नूनको आपूर्ति व्यवस्था मिलाई नूनको उच्च गुणस्तर, उचित मूल्य र उपलब्धतालाई सुनिश्चित गर्ने कार्य साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले गर्दै आइरहेको छ । नेपाल सरकारद्वारा स्वीकृत भएबमोजिम निरन्तर रूपमा भारतबाट वर्षेनी १ लाख ६० हजार मे.टन नून आयात गरी देशका लागि ६ महिनासम्म पुग्ने सञ्चय भण्डार (Buffer Stock) राख्ने व्यवस्था मिलाइएको छ । कर्पोरेशनले देशभर रहेको आफ्नो शाखा र प्रशाखा एवं सम्पर्क कार्यालयहरूसहित करिब ६,००० डिलरहरू र ३१५ चेनशप बिक्रेताहरूमार्फत नून तथा अन्य अत्यावश्यक वस्तुहरू आपूर्ति गर्ने व्यवस्था मिलाएको छ । कर्पोरेशनसँग नेपाल राज्यभित्र विभिन्न स्थानहरूमा गरी १,७८,१०० मे.टन क्षमताको भण्डारण (गोदाम तथा चौताल) गृह, Re-Iodization को लागि १४ वटा Iodization Plant एवं नूनको तोकिएको गुणस्तर परीक्षण गर्ने १३ वटा अत्याधुनिक प्रयोगशालाहरू रहेको छ ।

नेपाल सरकारको सहयोगमा कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत कर्पोरेशनबाट देशका १३ दुर्गम र ९ आंशिक दुर्गम गरी २२ दुर्गम जिल्लाहरूमा आयोडिनयूक्त नून ढुवानी कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएको छ । दुर्गम जिल्लामा नून ढुवानी एवं बिक्री वितरण कार्य प्रभावकारी एवं पारदर्शी रूपमा सञ्चालनको लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूको प्रत्यक्ष निगरानीमा कार्य सम्पन्न हुने गरेको छ । फलस्वरूप प्रत्येक वर्ष लक्ष्यको तुलनामा ९५% भन्दा बढी प्रगति हासिल हुँदै आएको छ । चालु आ.व.०६८।६९ को लागि नेपाल सरकारको तर्फबाट २२ जिल्लामा ४०,००८ क्वी. नून ढुवानी

गर्नको लागि रु.९ करोड ८० लाख बजेट स्वीकृत भएको छ। नून ढुवानी कार्यको लागि सम्झौता कार्य सम्पन्न भई ढुवानी कार्य प्रारम्भ भइसकेको छ।

देशभर अति आवश्यक वस्तुको रूपमा रहेको नूनको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्न चालु आ.व.को वार्षिक कार्यक्रमअनुसार यस आ व. मा १ लाख ५० हजार मे.टन नूनलाई खुल्ला तथा प्याकेटमा गरी क्रमशः ४५% तथा ५५% गरी बिक्री गर्ने लक्ष्य लिएको छ।

**समस्या एवं चुनौती**

- वार्षिक न्यूनतम रूपमा प्रतिव्यक्ति ६ किलो नून को दरले २२ जिल्लामा उक्त जिल्लाहरूको जनसंख्याको अनुपातमा आवश्यक न्यूनतम परिमाणको नूनको आपूर्ति व्यवस्था हुन सकेको छैन। जसले गर्दा दुर्गम जिल्लाहरूबाट थप कोटाको नून ढुवानी गराउन माग आउने गरेको छ।
- नेपालको उत्तरी सीमा चीनसँग जोडिएका गा.वि.स.हरूमा आयोडिनलाई लामो समयसम्म संरक्षण गर्न आवश्यक पर्ने नून भण्डारणको लागि उपयुक्त गोदाम तथा आयोडिन मिश्रण गर्न आयोडाइजेसन प्लान्ट नरहेको अवस्था छ।
- जनचेतनाको कमीको कारण दुर्गम स्थानहरूमा आयोडिन नभएको, कम आयोडिन भएको गुणस्तरहीन नूनसमेत उपभोग गर्ने प्रवृत्ति पाइन्छ।
- दुर्गम क्षेत्रमा आयोडिनयुक्त नूनको आपूर्ति गर्न भारत सरकारबाट विगतदेखि उपलब्ध गराउँदै आएको सहायता बीचबीचमा अवरुद्ध हुँदा कण्ठरोग नियन्त्रण कार्यक्रमलाई सघनतासाथ सञ्चालन गर्न कठिनाइ भएको छ।

## ४.३ पेट्रोलियम पदार्थ तथा ग्याँस आपूर्ति

पेट्रोलियम पदार्थ तथा एलपी ग्याँसको पैठारी गरी देशभित्र सहज बिक्रीवितरण गर्ने व्यवस्था मिलाउनका लागि २०२७ पौष २६ गते कम्पनी ऐन २०२१ अर्न्तगत स्थापित नेपाल आयल निगम लिमिटेडको कुल अधिकृत पूँजी ५० करोड र चुक्ता पूँजी ९ करोड ६७ लाख १५ हजार रहेको छ। निगमको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय, डिपो कार्यालय र शाखा कार्यालय गरी देशभरिमा २१ वटा कार्यालय रहेका छन्। निगमसँग नेपाल राज्यभित्र विभिन्न स्थानहरूमा गरी पेट्रोलको लागि ५२०५ कि.लि, डिजेलको लागि ४२,७८५ कि.लि, मट्टितेलको लागि १५,५९९ र हवाई इन्धनको लागि ८४९९ कि.लि.को भण्डारण क्षमता रहेको छ।

निगमले भारतीय आयल निगमबाट पेट्रोलियम पदार्थ आयात गरी निजी क्षेत्रका ढुवानीकर्ताद्वारा ढुवानी गराई निगमको भण्डारमा सञ्चय गर्ने, एल.पी. ग्याँस उद्योगहरूलाई एल.पी. ग्याँसको पि.डि.ओ. जारी गरी आयात गरिएको एल.पी. ग्याँस विक्री वितरण गराउने, निगमद्वारा नियुक्त बिक्रेताहरू (Dealers) मार्फत गुणस्तरयुक्त पेट्रोलियम पदार्थ विक्री वितरण गराउने, आन्तरिक तथा बाह्य उडान गर्ने हवाई जहाजलाई रिफ्यूलिङको व्यवस्था मिलाउने, आवश्यकतानुसार पेट्रोलियम पदार्थको बजार अनुगमन गर्ने लगायतका कार्यहरू गर्छ।
निगमले हाल वार्षिक रूपमा करिब रु ८० अर्ब बराबरको पेट्रोलियम पदार्थको कारोवार गरिरहेको छ। निगमले भन्सार शुल्क, सडक मर्मतसम्भार शुल्क, स्थानीय विकास शुल्क, वातावरण शुल्क र मूल्यअभिवृद्धि.करबापत देशको राजस्वमा वार्षिक रूपमा करिव रु १६ अर्बको योगदान गरिरहेको छ।

विगत वर्षहरूमा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजार मूल्यअनुरूप मूल्य समायोजन हुन नसक्दा नोक्सानी भएकोले पेट्रोलियम पदार्थजस्तो अत्यावश्यक पदार्थको नियमित आपूर्ति गर्न निगमले लिएको ऋण रकममध्ये अझै करिब रु १८ अरब तिर्न बाँकी रहेको छ। सोको मासिक ब्याजमात्र करिब रु १०

करोड हुन आउँछ र उक्त ब्याजबापत प्रतिलिटर रु. १।०१ निगमको लागत व्ययभारमा थप हुनआएको छ । मूलतः भारतीय आयल कर्पोरेशन (IOC) बाट खरिद गर्ने मूल्य र स्थानीय बजारमा बिक्री गर्ने मूल्यमा भएको अन्तरको कारणले नोभेम्बर १, २०११ को प्राप्त मूल्य अनुसार मासिक रु.९० करोडको घाटा व्यहोर्नु परिरहेको छ । निगमलाई गत आ.व. २०६७।६८ मा रु ५ अरब १५ करोड घाटा भएको थियो जसमा एल.पि. ग्याँसमा मात्र करिब रु. २ अर्व ६५ करोड घाटा भएको थियो ।

केही वर्षयता पेट्रोलियम पदार्थको उपभोग सरदर वार्षिक न्यूनतम १५ प्रतिशतका दरले वृद्धि भइरहेको छ । आ.व.२०६७/०६८ मा यसको आयात मुलुकको कुल निर्यातको ११०% भएको थियो । चालू आ.व. मा पेट्रोलियम पदार्थको आयात क्रमशः बढ्दै करीब रु. ९० अर्व पुग्ने अनुमान गरिएको छ । यस अवस्थामा आपूर्ति व्यवस्थालाई सहज बनाई राख्न मूलतः तीनवटा विकल्प देखिएका छन् । पहिलो, सरकारले अनुदान दिने । दोस्रो, पेट्रोलियम पदार्थमा लगाई आएको मूल्य अभिवृद्धि कर छुट गर्ने र तेस्रो, अन्तर्राष्ट्रिय मूल्यअनुसार आन्तरिक बजारमा मूल्य समायोजन गर्ने । यसमा मूल्य समायोजन र कर छुटलाई संयुक्त रूपमा कार्यान्वयन गर्न व्यवहारिक हुने देखिएको छ ।

**समस्या एवं चुनौती**

- सरकारले अनुदान दिन नसकेको साथै अन्तर्राष्ट्रिय बजारमा पट्रोलियम पदार्थको मूल्यमा हुने वृद्धि अनुरूप निगमको बिक्री मूल्यलाई समायोजन गर्न नसकेको कारणले निगमको सञ्चित नोक्सानी तीव्र वृद्धि हुँदै गइरहेको ।
- खरिद मूल्यअनुसार बिक्री मूल्य समायोजन गर्न नसक्दा निगमले एकातिर नोक्सानी व्यहोरी बिक्री गर्नुपर्ने बाध्यता रहेको र अर्कोतिर भारतमा भन्दा नेपालमा सस्तोमा तेल बिक्री गर्नुपर्ने अवस्था आई खुला सिमानाले गर्दा नेपालको सस्तो मूल्यको पेट्रोलियम पदार्थ अपचलन भई भारततर्फ निकासी हुने सम्भावना रहेको ।
- नगद अभावले गर्दा आवश्यक परिमाणमा आयात गर्न नसक्ने स्थिति सृजना भई बजारको मागअनुसार आपूर्ति गर्न कठिनाइ उत्पन्न भएको र आवश्यक परिमाणमा पट्रोलियम पदार्थको भण्डारण गर्न नसक्ने अवस्था रहेको ।
- रक्सौल-अमलेखगञ्ज पाइपलाइन विस्तार गर्न नसकिएको ।
- विभिन्न कारणले पटक-पटक हुने राजमार्ग बन्द, आन्दोलन, हडताल र चक्काजाम आदिले गर्दा ढुवानीमा अवरोध उत्पन्न भई सहज रूपमा पेट्रोलियम पदार्थको आपूर्ति गर्न समस्या उत्पन्न हुने गरेको ।
- पेट्रोलियम पदार्थको बढ्दो मागलाई सम्बोधन गर्न तथा बेलाबेलामा हुने संकटको अवस्थालाई मध्यनजर राख्दै आवश्यकताको अनुपातमा निगमको न्यून भण्डारण क्षमता रहेको ।
- पेट्रोलियम पदार्थको कारोवारलाई व्यवस्थित गर्न पेट्रोलियमसम्बन्धी छुट्टै विशेष कानून र नियमन निकायको अभाव रहेको । पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई समेत संलग्न गराउने विधेयक स्वीकृत गराई कार्यान्वयनमा ल्याउन नसकिएको । पेट्रोलियम बोर्ड गठन हुन नसकेको ।
- मुलुकको भू-धरातलीय अवस्थाको कारण एउटै आपूर्तिकर्तामार्फत मात्र पेट्रोलियम पदार्थको आयात गर्नुपर्ने र आयातलाई विविधीकरण गर्न नसकिएको ।

## ४.४ अन्य वस्तु तथा सेवाको आपूर्ति

नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित नेशनल ट्रेडिङ लिमिटेडले हाल चिनी, सिमेन्ट, मेसिनरी पार्टपुर्जा लगायतका सामान स्वदेशी तथा विदेशी उद्योगहरूबाट आयात गरी आन्तरिक बजारमा विक्री वितरण गर्दै आइरहेको छ । साथै कूटनीतिक सुविधाप्राप्त व्यक्ति तथा निकायको लागि भन्सारमुक्त पसल

(वण्डेड वेयर हाउस) पनि सञ्चालन गर्दै आइरहेको छ । आ.व.०६६।०६७ को बाह्य लेखापरीक्षण प्रतिवेदनअनुसार नेशनल ट्रेडिङ लिमिटेडको स्थापना कालदेखि हालसम्मको जम्मा सञ्चित नोक्सानी करिब रु. ३३ करोड देखिएको छ ।

शुरुमा सरकारी संरक्षणमा निर्माण सामग्री लगायत अन्य उपभोग्य वस्तु र उपकरणहरूको व्यापार गर्दै आएको यस संस्थानले उदारीकरण र खुल्ला अर्थव्यवस्थाको मान्यताअनुसार अहिले निजी क्षेत्रसँग खुल्ला प्रतिस्पर्धा गर्न आफ्नो सेवा र क्षेत्र परिवर्तन एवं विस्तार गर्नुपर्ने अवस्था आएको छ । यसै क्रममा नेशनल ट्रेडिङ लिमिटेडले व्यावसायिक कारोवार अभिवृद्धि र सेवा विस्तार गर्ने उद्देश्यले हालका वर्षहरूमा विगतका व्यापारिक कारोवारका अतिरिक्त मागअनुरूप अन्य वस्तुहरू जस्तै चिनी, सिमेन्ट आदि समेतको कारोवार गर्दै आएको छ । व्यापार विविधीकरण गर्दै जाने कार्यक्रमअनुसार पेट्रोल पम्पको स्थापना तथा सञ्चालनतर्फ प्राथमिकता दिन थालिएको छ । यसैगरी चिनीको कृत्रिम अभाव तथा कालो बजारी हुन नदिने उद्देश्यले निश्चित परिमाणमा चिनी भण्डारण (Buffer Stock) राख्ने गरिएको छ । भण्डारण कार्यको लागि संस्थानसँग कुल ८० हजार ४ सय मे.टन क्षमताका अत्याधुनिक गोदामघरहरू रहेका छन् । संस्थानले युरोपियन युनियनबाट प्राप्त EBA सुविधाअन्तर्गत सरकारबाट इजाजत लिई खुँदो लगायतका केही वस्तु निर्यात पनि गर्दै आएको छ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले पनि देशमा दैनिक उपभोग्य वस्तुहरूको मूल्य नियन्त्रण र आपूर्ति व्यवस्था सुदृढ बनाउनको लागि नेपाल सरकारबाट समय-समयमा भएको निर्देशनलाई पूर्ण रूपमा पालना गरी दैनिक उपभोग्य वस्तु चिनी, मैदा, पिठो, सूजी, दाल, चामल, गेडागुडी, चियापत्ती, खाने तेल आदिको समेत आपूर्ति व्यवस्था मिलाउँदै आएको छ ।

नेपाली जनतालाई राज्यबाट प्राप्त हुनुपर्ने सार्वजनिक सेवालाई पहुँचयोग्य, सरल, सहज र गुणस्तरीय बनाई दैनिक जीवनमा राहतको अनुभूति गराउने उद्देश्यबाट लागू गरिएका तत्काल राहत कार्यक्रम २०६८ सफल बनाउनको लागि उपत्यकाको विभिन्न स्थानहरूमा नेशनल ट्रेडिङ्ग लि., खाद्य संस्थान, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. र दुग्ध विकास संस्थानहरूले एकैथलोमा स्टलहरू राखी चिनी तथा नूनको खुद्रा बिक्रीमा क्रमशः प्रति किलो रु.५।- र रु.२।- छुट गरी बिक्री वितरण गरिएको थियो भने दुर्गम क्षेत्रहरूमा चामलमा प्रति क्वीन्टल रु ५०० देखि १००० सम्म छुट गरी बिक्री बितरण गरिएको थियो । यसको साथै दशैं, तिहार र छठ पर्वको अवसरमा उपत्यकामा ७ वटा सुपथ मूल्यका घुम्ती पसल सेवा सञ्चालन गरिएको थियो । उपत्यकाबाहिरका जिल्लामा खासगरी सबै निर्वाचन क्षेत्रमा सहकारी संस्थामार्फत १/१ वटा सुपथ मूल्यको पसल सञ्चालन गर्ने कार्य अगाडि बढाइदैंछ ।

### समस्या एवं चुनौती

- व्यापारिक कारोवार गर्न निजी क्षेत्रसँग तीब्र प्रतिस्पर्धा गर्नुपर्ने अवस्था रहेको । साथै, सार्वजनिक खरिद ऐन र नियमावली व्यापारिक कार्यमा संलग्न सरकारी संस्थानको प्रयोजनको लागि सहयोगी नहुनु ।
- संस्थानले व्यापार विविधीकरण गर्न नसक्नु र संस्थानसँग आधुनिक बिक्री कक्ष नहुनु ।
- संस्थानको स्वामित्वमा रहेका चल-अचल सम्पत्तिलाई व्यावसायिक तवरले उपयोगमा ल्याउन नसक्नु ।
- विद्यमान सार्वजनिक खरिद ऐन जस्ता कानूनी प्रावधान पालना गर्दा तुरुन्त खरिद-बिक्रीसम्बन्धी निर्णय गर्नुपर्ने विषयमा समय लाग्ने स्थिति हुनु ।

### ४.५ आपूर्ति क्षेत्रसँग सम्बद्ध समस्या तथा चुनौती

- **स्पष्ट तथा एकीकृत कानूनको अभाव** : आपूर्ति व्यवस्थालाई सक्षमतापूर्वक कार्यान्वयन गर्न आपूर्ति नीति लगायतका स्पष्ट र एकीकृत नीतिको अभाव तथा आपूर्ति व्यवस्थापनसँग सम्बन्धित कानूनी तथा संस्थागत संरचनाबीच उपयुक्त नीतिगत, संस्थागत र कार्यगत तादत्म्य तथा समन्वयको अभाव रहेको देखिन्छ ।
- **अन्तर्राष्ट्रिय सम्बन्धको प्रभाव** : आपूर्ति व्यवस्था बाह्य बजारबाट हुने आपूर्तिबाट समेत प्रभावित हुने भएकोले अन्य राष्ट्रले लिने खाद्य सुरक्षा सम्बन्धी नीतिले पनि यसलाई प्रभाव पार्ने गरेको पाइन्छ । जस्तै भारतले केही समयपूर्व कतिपय खाद्यान्नको निर्यातमा लगाएको प्रतिबन्धले आन्तरिक बजारमा ती वस्तुको मूल्यमा चाप परेको थियो ।
- **भौगोलिक विकटता** : देशको भौगोलिक विकटताका कारण वस्तु तथा सेवाको उपलब्धता, वितरण तथा ढुवानीमा पनि केही हदसम्म कठिनाइ भोग्नु परेको छ ।
- **सार्वजनिक संस्थानहरूमा व्यावसायिकताको कमी** : आधारभूत वस्तु तथा सेवा आपूर्तिका लागि गठन गरिएका सार्वजनिक संस्थानहरूको व्यवस्थापन कमजोर तथा ह्रासोन्मुख भएको र व्यावसायिक हुन नसकेकोले पनि तिनीहरूको वित्तीय स्थिति तथा सेवा प्रवाह दुवै कमजोर हुँदै गएको छ जसले आन्तरिक आपूर्ति व्यवस्थापनलाई थप जटिल र चुनौतीपूर्ण बनाएको छ ।
- **बढ्दो जनदवाब** : वर्तमान अवस्थामा आम नागरिकहरूको सामाजिक तथा मानवीय विकासको परिवर्तनले ल्याएको जनताको बढ्दो चाहना, अधिकारप्रतिको बढ्दो चेतनाले आपूर्ति व्यवस्थापनलाई केन्द्रदेखि स्थानीयस्तरसम्म प्रभावकारी र वैज्ञानिक बनाई कार्यान्वयनमा उतार्न राज्यसमक्ष थप दबाब सृजना गरेको छ ।
- **नैतिकताको ह्रास** : सरोकारवालाहरूको नैतिकता र इमान्दारीमा ह्रास, सुमधुर औद्योगिक सम्बन्धको कमी, मिसावट, चुहावट, कालाबजारी, कार्टेलिङजस्ता कार्यबाट आपूर्ति व्यवस्थाका लागि थप चुनौती सृजना भएका छन् ।
- **स्वतन्त्र बजार र सरकारी हस्तक्षेपबीच सन्तुलन** : उदारीकरणको मान्यताअनुसार पूर्ण प्रतिस्पर्धात्मक बजारका माध्यमबाट आपूर्ति व्यवस्था सञ्चालन हुनुपर्ने अवस्था एकातर्फ छ भने अर्कोतर्फ सामाजिक, आर्थिक, शैक्षिकरूपले कमजोर, स्वतन्त्ररूपले छनौट गर्न असमर्थ जनसमुदाय तथा भौतिक पूर्वाधारको सुविधा नपुगेका र बजार विकासको न्यूनता रहेका भेगमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रलाई समेत आपूर्ति व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्न प्रोत्साहन गर्दै सरकारी संयन्त्रमार्फत सहुलियतपूर्ण आपूर्ति व्यवस्था मिलाउनुपर्ने अवस्था छ ।
- **प्रभावकारी अनुगमनको लागि उपयुक्त संस्थागत संयन्त्रको अभाव** : वाणिज्य विभागको विद्यमान संगठन र दरबन्दी साथै न्यून साधनस्रोतको उपलब्धताको कारणले आपूर्ति व्यवस्थापनमा अनुगमन तथा अनुसन्धान र कारवाहीका प्रक्रिया प्रभावकारी हुन सकिरहेको छैन ।
- **थप आर्थिक दायित्वको भार** : नेपाल सरकारले राष्ट्रिय दायित्व वहन गर्ने सिलसिलामा सर्वसाधारणलाई सेवा एवं वस्तु सुपथ र राहत मूल्यमा उपलब्ध गराउन लागत मूल्यभन्दा घटीमा विक्री वितरण गर्नुपर्ने गरी समय समयमा गरिएको निर्णय र मूल्य घटाई विक्री गर्नु परेबाट संस्थानहरूलाई थप आर्थिक दायित्व पर्ने गरेको छ ।

यसैगरी कृषि भूमिमा अव्यवस्थित बस्ती र आवास क्षेत्र बढ्दै जानु, व्यावसायिक र वैज्ञानिक कृषि प्रणाली अपनाउन नसकिनु, सिञ्चाइ, बीउविजन, कृषि सामग्री आदिको उपलब्धता पर्याप्त नहुनु, रोजगारका लागि विदेश जाने कारणले कृषि क्षेत्रमा श्रमिकको अभाव रहनु, खाद्यान्न उत्पादन र उत्पादकत्वमा कमी आउनु, सार्वजनिक वस्तु तथा सेवाको वितरण प्रभावकारी नहुनु जस्ता समस्याका कारण आपूर्ति व्यवस्थापनलाई सहज र नियमित बनाउनु चुनौतीपूर्ण रहेको छ ।

## ५. उपभोक्ता हित संरक्षण र बजार अनुगमन

वाणिज्य विभागबाट आन्तरिक तथा बाह्य व्यापार प्रवर्द्धनका अतिरिक्त उपभोक्ता हितसम्बन्धी विभिन्न कार्यक्रमहरू हुँदै आएका छन् । उपभोक्ता हितका लागि विभिन्न निकायबाट फरकफरक कानूनहरू कार्यान्वयनमा छन् । त्यसमा मुख्यत: उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली २०५६, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, र नियमावली २०६६ हुन् । यिनको कार्यान्वयन विभागबाट हुँदै आएको छ । त्यस्तै अन्य क्षेत्रगत कानूनहरू पनि उपभोक्ता हितका लागि कार्यान्वयनमा ल्याइएका छन् । खाद्य ऐन-२०२३, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट, स्टाण्डर्ड नाप र तौल ऐन-२०२५, नेपाल गुणस्तर तथा नापतौल विभागबाट, कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन-२०३२, जिल्ला प्रशासन कार्यालयबाट, औषधि ऐन-२०३५ औषधी व्यवस्था विभागबाट र पशुवधशाला र मासु जाँच ऐन-२०५५, पशु सेवा विभागबाट कार्यान्वयन हुँदै आएको छ । त्यस्तै उपभोक्ता हकहितका लागि यी ऐन तथा नियमावलीहरूले विभिन्न संस्थागत व्यवस्था गरेका छन् । जस्तो कि उपभोक्ता संरक्षण ऐन, २०५४ अनुसार माननीय वाणिज्य तथा आपूर्ति मन्त्री/राज्यमन्त्रीको अध्यक्षतामा विभिन्न निकायका प्रतिनिधिहरू सदस्य रहेको उपभोक्ता संरक्षण परिषद्, उपभोक्ता संरक्षण नियमावली, २०५६ बमोजिम वाणिज्य विभागका महानिर्देशकको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरूसहितको केन्द्रीय अनुगमन समिति, सोही नियमावली बमोजिम सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्ला अनुगमन समिति, उपभोक्ता संरक्षण ऐन, २०५४ अनुसार प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्ला क्षतिपूर्ति समिति आदि प्रमुख छन् । यसैगरी बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरलरूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न ७५ वटै जिल्लामा नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीलाई निरीक्षण अधिकृत तोकिएको छ । त्यस्तै प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन-२०६३ अनुसार वाणिज्य तथा आपूर्ति सचिवको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू सदस्य रहेको प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्ड रहेको छ । यस यस ऐन बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गरी अदालतसमक्ष मुद्दा दायर गर्ने कामसमेतको लागि सरकारले नेपाल राजपत्रमा २०६७।८।६ गते सूचना प्रकाशित गरी विभिन्न ३० जिल्लाहरूमा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई बजार संरक्षण अधिकृत तोकेको छ ।

### वाणिज्य विभागबाट सम्पादित प्रमुख कार्यहरू

- अनियन्त्रित बजारलाई नियन्त्रण गर्न मूल्य नियमन नीतिको छलफल भई मस्यौदा परिमार्जनको क्रममा छ । त्यस्तै उपभोक्ता संरक्षण ऐन २०५४ को दफा १४ बमोजिम सबै जिल्लामा निरीक्षण अधिकृतको व्यवस्था भई निजहरूलाई प्रशिक्षण दिइएको छ । प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ को दफा २२ अनुसार ३० जिल्लामा बजार संरक्षण अधिकृत तोकी निजहरूका लागि तालिम सम्पन्न गरिएको छ । अनुगमनबाट बजारलाई सुधार गर्न आवश्यक देखिएकाले सो कार्यलाई देशव्यापीरूपमा संचालन गरिएको छ । बजार अनुगमन गर्दा उपभोक्ताका लागि अहित हुने र म्याद नाघेका उपभोग्य सामग्रीहरू बिक्रीस्थलबाट हटाउने, नष्ट गर्ने गरिएको छ । कमसल सामान बिक्री गर्नेलाई नियन्त्रण गर्न कानून बमोजिम कारवाही गरिएको छ ।
- बजार अनुगमनको क्रममा देखा पर्ने अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्नु आवश्यक छ । अत: यसका लागि उपभोक्ता ऐन, २०५४ तथा उपभोक्ता संरक्षण नियमावली २०५६ मा समसामयिक रूपमा संशोधन गरी उपभोक्ता हित कायम गर्न निरीक्षण अधिकृतलाई अर्धन्यायिक अधिकार दिन आवश्यक देखिएको छ । तसर्थ उपभोक्ता कानूनमा सोको प्रस्ताव

गरी कानून तथा न्याय मन्त्रालयमा सहमतिको लागि पठाइएकोमा त्यहाँबाट सो मस्यौदा सम्पादन भएर आइसकेको छ । यसलाई छिट्टै स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिने कार्यक्रम रहेको छ ।

- विभिन्न निकायहरूको सक्रिय सहभागितामा उपभोक्ता संरक्षण नियमावली २०५६ को नियम ५१ बमोजिमको केन्द्रीय अनुगमन समितिको बैंठक नियमित रूपमा गर्ने गरिएको छ । यस बैठकले उपभोक्ता हकहितका लागि उक्त समितिलाई क्रियाशील बनाउँदै आएको छ । अनुगमन कार्यलाई तीव्रता दिन अनुगमनका लागि Check-List तयार पारी जिल्लाहरूमा पठाइएको छ । यसले अनुगमनलाई सहज बनाएको छ । बजार अनुगमनका लागि खटिने निरीक्षण अधिकृतको लागि निर्देशिका तयार पारिएको छ । बजार संरक्षण अधिकृतका लागि निर्देशिका तयार पार्ने कार्य चालु अवस्थामा रहेको छ ।
- आन्तरिक तथा बाह्य व्यापारको सहजीकरणका लागि कार्य गर्दै आएको विभागले उपभोक्ता कानूनको कार्यान्वयनको जिम्मेवारी समेत पाएको छ । यसबाट विभागको विगतको कार्यमा व्यापक भिन्नता तथा बढोत्तरी आएको पाइएको छ । त्यस अनुरूप विभाग तथा मातहतको कार्यालयको लागि जनशक्ति व्यवस्थापन आवश्यक भएको छ । थप जिम्मेवारीबाट सिर्जित चुनौतीलाई न्यूनीकरण गर्न विभागको पुनर्संरचना हुनु जरुरी छ । यस कार्यको लागि संगठन तथा व्यवस्थापन (O & M) प्रतिवेदन तयार भइसकेको छ । हाल कैलाली, बाँके, रूपन्देही, पर्सा, र मोरङ्गमा गरी ५ जिल्लामा मात्र वाणिज्य कार्यालय रहेकोले यी बाहेकका जिल्लामा अन्य कार्यालयहरूको सहभागितामा उपभोक्ताका हकहित स्थापित गराउने कार्य ज्यादै अप्ठ्यारो देखिएको छ । अतः तुलनात्मक रूपमा कारोबार बढी हुने जिल्लाहरूमा वाणिज्य कार्यालयहरूको स्थापनाको लागि प्रस्ताव गरी उक्त प्रतिवेदनमाथि राय-प्रतिक्रिया उपलब्ध गराउनका लागि अर्थ मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाइएको छ । तदनुरूप सबै निकायबाट सकारात्मक पहल भएमा देशभर बजार अनुगमन र उपभोक्ता हितसम्बन्धी कार्यलाई सघनरूपमा सञ्चालन गर्न सक्ने स्थिति निर्माण हुने देखिन्छ ।
- विभागले तीनवर्षमा सम्पादन गर्ने उपभोक्ता हितलगायतका कार्यहरूलाई समावेश गरी एक रणनीतिक योजना (२०६८/६९-२०७०/७१) तयार भई कार्यान्वयनमा समेत आइसकेको छ । विभिन्न निकायबाट आशा गरिएअनुरूप सहयोग प्राप्त भई यसको प्रभावकारी कार्यान्वयन भएमा बजार अनुगमन तथा उपभोक्ताहितसँग सम्बन्धित समस्याहरू धेरै हदसम्म सम्बोधन हुने अपेक्षा गरिएको छ ।
- विभाग तथा अन्तर्गतका वाणिज्य कार्यालयहरूले आ-आफ्नो जिल्ला तथा सीमा क्षेत्रको उपभोग्य वस्तुहरूको मूल्य-सूची सङ्कलन गरी प्रकाशन समेत गर्दै आएका छन् । यसबाट कुनकुन दैनिक उपभोग्य वस्तुहरूमा के-कस्तो रूपले मूल्य वृद्धि भएको छ, आकलन गर्न सहयोग पुऱ्याएको छ । काठमाडौं उपत्यकामा साप्ताहिक/पाक्षिक रूपमा मूल्यसूची संकलन गर्ने गरिएको छ । आम उपभोक्ताको सरोकारको विषयको रूपमा विभागले यसलाई लिएको छ । अतः धेरै भन्दा धेरै उपभोक्तालाई यस सन्दर्भ-मूल्यको बारेमा जानकारी गराउने अभिप्रायले नेपालको आर्थिक राष्ट्रिय दैनिक पत्रिका **अभियान**मा विभागबाट विभिन्न क्षेत्रमा गई संकलन गरेको दैनिक उपभोग्य वस्तुको मूल्य-सूची पाक्षिक रूपमा प्रकाशन गर्ने गरिएको छ । त्यस्तै

यसलाई विभागको वेबसाइट (www.doc.gov.np) मा समेत राखी उपभोक्तालाई जानकारी गराउने गरिएको छ ।

**समस्याहरू**

- बजार अनुगमन कार्य अगाडि बढाउन पर्याप्त साधन-स्रोतसहितको जनशक्ति आवश्यक छ । विभाग र मातहत कार्यालयहरूमा जनशक्ति तथा सवारी साधनको अभाव रहेको छ । यसबाट अनुगमनमा अनेकौं समस्या विभागले भोग्दै आएको छ । चाहेर पनि धेरै ठाउँमा एकै पटक अनुगमन गर्न सकिएको छैन । सवारी साधन, बजेट तथा कर्मचारी समस्या विभाग तथा मातहत कार्यालयहरूले झेल्दै आएका छन् । सबै जिल्लाहरूमा विभाग मातहतका कार्यालयहरू छैनन् । अतः उपभोक्ता कानून र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानूनको कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयहरूको सहयोग लिनु परेको छ । यसबाट उपभोक्ता हित स्थापित गराउन अप्ठ्यारो पर्दै आएको छ । विभिन्न निकायबीच समन्वय राखी कार्य गर्नुपर्ने स्थिति भएकोले अपेक्षानुरूप उपभोक्ता हितसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कठिन भइरहेको छ ।
- उपभोक्ता संरक्षण कानून र बजार संरक्षण कानूनले वस्तु तथा सेवा दुवै क्षेत्रलाई समेटेको छ । यी क्षेत्रहरूको अनुगमन गर्ने जिम्मा निरीक्षण अधिकृत र बजार संरक्षण अधिकृतलाई प्रदान गरेको छ । बजार अनुगमनको कार्यमा संलग्न रहँदा देखिएको अव्यवस्थाबारे तत्काल कारवाही गर्ने कुनै अधिकार कानूनले प्रदान गरेको छैन । यसबाट अनुचित व्यापारिक क्रियाकलापमा संलग्न उद्योगी/व्यापारीलाई तत्काल कानूनी कारवाही गर्न सकिएको छैन । निरीक्षण अधिकृत तथा बजार संरक्षण अधिकृतलाई अर्धन्यायिक अधिकार नभएकाले यस कानूनको प्रभावकारी कार्यान्वयन गर्न कठिनाइ परेको छ ।
- जिल्ला अनुगमन समिति, जिल्ला क्षतिपूर्ति समिति, निरीक्षण अधिकृत र बजार संरक्षण अधिकृत वाााणिज्य तथा आपूर्ति मन्त्रालय बाहिरका निकायका पदाधिकारी हुने अवस्था रहेकाले त्यसको समन्वय र निर्देशनको कार्य सम्पादन गर्न चुनौतीपूर्ण छ ।
- उपभोक्ता कानून र अन्य क्षेत्रगत कानूनहरूका बीच एक आपसमा समन्वय नभएको कारणले गर्दा चालिएका अनुगमनलाई अन्तिम टुंगोमा पुऱ्याउने कार्यमा जटिलता कायम छ ।
- दैनिक उपभोग्य वस्तुको माग र आपूर्तिका सम्वन्धमा जिल्लागत/क्षेत्रगत रूपमा सूचना राख्ने व्यवस्थाको लागि जिल्लास्थित उद्योग वाणिज्य संघको सहयोग पर्याप्त रूपमा जुट्न सकेको छैन । यसबाट आपूर्ति व्यवस्थापन कार्य कठिन हुने गरेको छ । वाणिज्य विभागअन्तर्गत ५ जिल्लामा मात्र कार्यालय रहेकाले अन्य जिल्लाहरूमा अन्य कार्यालयमाथिको निर्भरताले गर्दा सूचना संकलन र विश्लेषणको कार्य प्रभावकारी बन्न सकेको छैन । यस अतिरिक्त जिल्लास्तरमा कार्यरत वाणिज्य कार्यालयहरूको स्तरवृद्धि गरी क्षेत्रीयस्तरमा कार्य गर्न सक्ने बनाउन सकिएको छैन ।

## तत्काल लागू गर्ने कार्यक्रमहरूको कार्ययोजना (वाणिज्यतर्फको)

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | वाणिज्य नीति-२०६५ को कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप दिने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | वाणिज्य विभाग र अन्तर्गत कार्यालयहरू, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल उद्योग वाणिज्य महासंघ लगायतका निजी क्षेत्रका संघ संस्थाहरू | १ महिना | कार्ययोजनाको कार्यान्वयन शुरु भएको हुने । |
| २. | NTIS र वाणिज्य नीतिले पहिचान गरेका निर्यातयोग्य वस्तु र सेवाहरू प्रवर्द्धन गर्ने । | ,, | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ लगायतका निजी क्षेत्रका संघ संस्थाहरू | निरन्तर | क्रमशः प्रवर्द्धन भएको हुने । |
| | २.१ निजी क्षेत्रको लागत साझेदारीमा सुर्खेतमा जडिबूटी सङ्कलन तथा व्यवसाय केन्द्र स्थापना गर्ने । | नेपाल उद्योग वाणिज्य संघ | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वन तथा भू-संरक्षण मन्त्रालय<br>कृषि तथा सहकारी मन्त्रालय<br>स्थानीय निकायहरू | १ वर्ष | जडिबूटी सङ्कलन तथा व्यवसाय केन्द्र स्थापना भएको हुने । |
| | २.२ हस्तकला बजार प्रवर्द्धनका लागि काठमाण्डौमा अन्तर्राष्ट्रिय हस्तकला व्यापार मेला सञ्चालन गर्ने । | नेपाल हस्तकला संघ | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र<br>निजी क्षेत्रका व्यावसायिक संस्थाहरू | २ महिनाभित्र | हस्तकला व्यापार मेला आयोजना भएको हुने । |
| | २.३ नेपाली चिया र कफीको अन्तर्राष्ट्रिय बजारमा सामूहिक ट्रेडमार्क दर्ता गर्ने | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | नेपाल चिया तथा कफी विकास बोर्ड<br>वस्तुगत संघहरू | निरन्तर | चिया र कफीको सामूहिक ट्रेडमार्क दर्ता भएको हुने । |
| | २.४ निर्यातका लागि गुणस्तर परीक्षण र प्रमाणीकरण सम्बन्धमा गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र वनस्पति विभागको क्षमता बढाउन उपकरण खरिद तथा प्रयोगशालाको स्तरोन्नति गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र दातृनिकायहरू | १ वर्ष | क्षमता अभिवृद्धि परियोजना शुरु भएको हुने । |
| | २.५ झापाको काँकडभिट्टामा अदुवा प्रशोधन प्लान्ट स्थापना गर्ने । | कृषि तथा सहकारीमन्त्रालय | वैदेशिक दातृ निकाय (EIF, STDF)<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्ष | प्रशोधन प्लान्ट स्थापना भएको हुने । |
| ३. | NTIS कार्यान्वयन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, रा.यो.आ.<br>सम्बन्धित निकायहरू | ३ महिना | स्वीकृत निर्देशिका लागू भएको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ४. | व्यापार सम्बन्धी विषयमा मन्त्रालयलाई पृष्ठपोषण गर्न Trade Policy Analytical Wing स्थापना गर्ने । | ,, | सामान्य प्रशासन मन्त्रालय र दातृ निकायहरू | ६ महिनाभित्र | सो Wing स्थापना भइ कार्य थालेको हुने । |
| ५. | निर्यातमा नगद प्रोत्साहन सुविधालाई निरन्तरता दिने । | ,, | अर्थ मन्त्रालय, उद्योग विभाग, नेपाल राष्ट्र बैंक, बाणिज्य बैंकहरू, निजी क्षेत्रहरू | निरन्तर | निकासी अभिवृद्धि भई नगद प्रोत्साहन माग गर्ने निकासीकर्ताहरूको संख्यामा वृद्धि भएको हुने |
| ६. | पशिमना लगायतका केही निर्यातजन्य वस्तुहरूको अर्न्तराष्ट्रिय बजार प्रवर्द्धन गर्ने । | ,, | दातृ निकाय, हस्तकला महासंघ, नेपाल पशिमना संघ | ६ महिना | बजार प्रवर्द्धन परियोजना शुरु भएको हुने । |
| ७. | प्रमुख निर्यातजन्य वस्तुहरूको सामूहिक व्यापारिक चिह्न (Trade Mark) दर्ता गर्ने र त्यसलाई प्रयोगमा ल्याउने । | ,, | सम्बन्धित व्यावसायिक संस्थाहरू | निरन्तर | दर्ता भई प्रयोगमा आएको हुने । |
| ८. | नयाँ आयात-निर्यातसम्बन्धी ऐन बनाउने । | ,, | कानून तथा न्याय मन्त्रालय, प्रधानमन्त्री तथा मं.प.कार्यालय र वाणिज्य विभाग, व्यवस्थापिका -संसद सचिवालय | १ वर्ष | व्यवस्थापिका-संसद सचिवालयमा विधेयक पेश भएको हुने । |
| ९. | Anti-dumping र Countervailing ऐनको मस्यौदा तर्जुमा गरी स्वीकृत गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, व्यवस्थापिका-संसद् सचिवालय र व्यावसायिक संघसंस्थाहरू, | ६ महिना | ऐन लागू भएको हुने । |
| १०. | भिसाखापट्टनम् बन्दरगाह प्रयोगमा ल्याउने । | ,, | परराष्ट्र मन्त्रालय | ३ महिना | प्रयोगमा आएको हुने । |
| ११. | रोहनपुर-सिंहवाद नाका प्रयोगमा ल्याउने । | ,, | परराष्ट्र मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, भन्सार विभाग | ३ महिना | प्रयोगमा आएको हुने । |
| १२. | काँकडभिट्टा-फूलबारी-बङ्गलावन्ध कोरिडोरको प्रक्रिया सरलीकरण गर्ने । | ,, | परराष्ट्र मन्त्रालय | ३ महिना | कोरिडर उपयोगप्रक्रिया सरलीकरण भएको हुने । |
| १३. | .वीरगन्ज सुख्खा बन्दरगाहमा सबै खालका Railway Wagon आउन-जान सक्ने प्रबन्ध मिलाउने । | ,, | भौतिक योजना तथा निर्माण मन्त्रालय, भन्सार विभाग र नेपाल इण्टरमोडल यातायात विकास समिति | ३ महिना | सबै खालका Railway Wagon आउन-जान सक्ने प्रबन्ध मिलेको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १४. | नेपाल-भारतबीचको Rail Service Agreement (RSA) को पुनरावलोकन (Review) गर्ने | ,, | नेपाल इन्टरमोडल यातायात विकास समिति | ३ महिना भित्र | रेलसेवा-सम्झौता पुनरावलोकन भएको हुने । |
| १५. | नेपालको रेल्वे ऐनको मस्यौदालाई परिमार्जन गरी स्वीकृतिको प्रक्रियामा अघि बढाउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा पठाउने । | ,, | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र व्यावसायिक संघसंस्थाहरू | ६ महिना | ऐनको मस्यौदा स्वीकृति प्रक्रियामा अघि बढेको हुने । |
| १६. | व्यापार प्रक्रिया सहजीकरणका लागि Single Window लागू गर्न आवश्यक तयारी सम्पन्न गर्ने । | ,, | अर्थ मन्त्रालय, भन्सार विभाग | १ वर्ष | निर्णय बिन्दुमा पुगेको हुने । |
| १७. | सडकमार्गबाट हुने मालसामान ढुवानीलाई व्यवस्थित गर्न ढुवानी सम्बन्धी ऐन तर्जुमा गरी लागू गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, व्यवस्थापिका-संसद सचिवालय | ३ महिना | ढुवानी सम्बन्धी ऐनको मस्यौदा तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराइएको हुने । |
| १८. | नेपाल-भारत तथा नेपाल-चीन व्यापार तथा सहजीकरण सम्बन्धी अध्ययन गर्ने | वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, दातृ निकाय | ३ महिनाभित्र | अध्ययन भएको हुने |
| १९. | नेपाल - भारत अन्तर सरकारी समिति (IGC) र नेपाल - बङ्गलादेश वाणिज्य सचिवस्तरीय बैठक सम्पन्न गर्ने । | ,, | परराष्ट्र मन्त्रालय | ३ महिना | बैठक सम्पन्न भएको हुने । |
| २०. | भुटानसँग प्राथमिकता प्राप्त (Preferential) व्यापार सम्झौता सम्पन्न गर्ने । | ,, | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, भन्सार विभाग | १ वर्ष | सम्झौता सम्पन्न भएको हुने । |
| २१. | बङ्गलादेशसँग कार्गो ढुवानी सम्वन्धी Operating Modalities for Transit Cargo सम्बन्धी सम्झौता गर्ने । | ,, | अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि. | ६ महिनाभित्र | सम्झौता सम्पन्न भएको हुने । |
| २२. | यसपूर्व नेपाल-भारत र नेपाल-चीनबीच भएका व्यापार सम्झौताको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरी सो बमोजिम कार्यान्वयन गर्दै जाने । | ,, | अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र व्यवसायिक संघसंस्थाहरू | ६ महिना | कार्ययोजना कार्यान्वयन प्रारम्भ भएको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| २३. | सार्क सेवा व्यापारमा नेपालले लिनुपर्ने रणनीति सम्बन्धमा अध्ययन गर्ने । | ,, | अर्थ मन्त्रालय, दातृ निकाय | १ वर्ष | रणनीति तयार भएको हुने । |
| २४. | APTA मा नेपालले सदस्यता लिने । | ,, | अर्थ मन्त्रालय<br>कानून तथा न्याय मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | १ वर्ष | सदस्यता प्राप्त भएको हुने । |
| २५. | सं.रा.अमेरिकासँगको TIFA बाट नेपालले लाभ लिने सम्बन्धमा पूर्ण तयारीसहित वार्ता सम्पन्न गरी लाभको नयाँ क्षेत्रहरू पहिल्याउने | ,, | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय र व्यावसायिक संघसंस्थाहरू | १ वर्षभित्र | लाभका नयाँ क्षेत्रहरूको पहिचान भएको हुने । |
| २६. | हाल WTO बाट भइरहेको Trade Policy Review को लागि नेपाल सरकारको प्रतिवेदन बुझाउने साथै Geneva मा हुने सो सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पन्न गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय | ६ महिनाभित्र | नेपालको TPR सम्पन्न भएको हुने । |
| २७. | Aid for Trade जुटाउन मागिएको Expression of Interest का आधारमा सबै Technical Committees लाई सक्रिय तुल्याई परियोजना प्रस्ताव तयार गर्दै विभिन्न दातृ निकायबाट सहयोग परिचालन गर्न शुरु गर्ने । | ,, | अर्थ मन्त्रालय, सम्बद्ध मन्त्रालयहरू, रा.यो.आयोग र दातृ निकायहरू | ६ महिना | दातृ निकायमा प्रस्ताव प्रस्तुत भएको हुने । |
| २८. | राष्ट्रिय स्वामित्वमा Aid for Trade परिचालन गर्ने र NTIS २०१० एवं वाणिज्य नीतिले निर्दिष्ट विषयमा लगानी गरी तिनको प्रभावकारी कार्यान्वयन गर्न गराउन एक SWAp अवधारणा अनुसार एक Trade Trust Fund को स्थापना गरी कार्यान्वयन प्रारम्भ गर्ने । | ,, | अर्थ मन्त्रालय, रा.यो.आयोग, व्यावसायिक संस्थाहरू र दातृ निकायहरू | १ वर्षभित्र | सो Fund कार्यान्वयनमा आएको हुने । |
| २९. | नेपालको सेवा व्यापारको प्रतिबद्धताको कार्यान्वयनका लागि गर्नुपर्ने नीति, कानून तथा संस्थागत सुधारका लागि २ क्षेत्रबाट कार्य थालिने । | ,, | सम्बन्धित मन्त्रालय र निकायहरू तथा दातृ निकायहरू | ३ महिना | कार्य प्रारम्भ भएको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ३०. | काठमाडौंमा एक अत्याधुनिक अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनीस्थलको स्थापना गर्ने । | ,, | अर्थ मन्त्रालय, रा.यो.आयोग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्ष | सो अवधिभित्र निर्माण थालनी भएको हुने । |
| ३१. | सुदूर पश्चिमाञ्चलको चाँदनी-दोधारा लगायत अन्य केही भन्सार नाकामा सुख्खा बन्दरगाह निर्माण गर्न सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया थाल्ने । | ,, | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, नेपाल इण्टरमोडल तथा यातायात विकास समिति र दातृ निकायहरू | १ वर्ष | सो अवधिभित्र निर्माण थालनी भएको हुने । |
| ३२. | TEPC को सुदृढीकरणका लागि एक कार्ययोजना बनाई लागू गर्ने । | TEPC बोर्ड | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३ महिना | स्वीकृत कार्ययोजना कार्यान्वयनमा आएको हुने । |

## तत्काल लागू गर्ने कार्यक्रमहरूको कार्ययोजना (आपूर्तितर्फको)

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | मुलुकको समग्र आपूर्ति व्यवस्थापनलाई नियमन गर्न आपूर्ति नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकार (मं.प.), नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू | ३ महिना | आपूर्ति नीति स्वीकृत भई कार्यान्वयनमा आएको हुने । |
| २. | उपभोग्य वस्तुको अनावश्यक सञ्चिति र कृत्रिम अभावमार्फत हुने बजार विचलनलाई नियन्त्रण गर्न थोक तथा खुद्रा विक्रेताले वस्तु तथा सेवाको सञ्चित गर्न पाउने हद निर्धारण गर्ने तथा स्टक खुलाउनुपर्ने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउने । | ,, | वाणिज्य विभाग, | ३ महिना | थोक तथा खुद्रा विक्रेताले वस्तु तथा सेवाको सञ्चित गर्न पाउने मापदण्ड तयार भई हद निर्धारण भएको हुने । |
| ३. | पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई सहभागी गराउन ऐन तर्जुमा गरी लागू गर्ने । | ,, | नेपाल सरकार (मं.प.), व्यवस्थापिका-संसद सचिवालय, कानून तथा न्याय मन्त्रालय | ६ महिना | पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई सहभागी गराउने सम्बन्धी ऐन स्वीकृत भई कार्यान्वयनमा आएको हुने । |
| ४. | पेट्रोलियम पदार्थको चुहावट नियन्त्रण तथा अनुगमन निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याउने । | नेपाल आयल निगम | उपभोक्ता संरक्षण परिषद् र वाणिज्य तथा आपूर्ति मन्त्रालय, | ६ महिना | पेट्रोलियम पदार्थको चुहावट नियन्त्रण तथा अनुगमन निर्देशिका उपभोक्ता संरक्षण परिषद्‌बाट स्वीकृत भई कार्यान्वयनमा आएको हुने । |
| ५. | नेपाल आयल निगमको सुधारका सम्बन्धमा विगतमा गठित आयोगको प्रतिवेदनहरू तथा सार्वजनिक लेखा समिति एवं अन्य संसदीय समितिबाट समय-समयमा दिइएको निर्देशन कार्यान्वयनमा ल्याउने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल आयल निगम | निरन्तर | प्राप्त सुझाव कार्यान्वयन हुँदै आएको हुने । |
| ६. | नेपाल आयल निगम र भारतीय आयल निगमबीचको पेट्रोलियम खरिद सम्झौता पुनरावलोकन गरी नयाँ सम्झौता सम्पन्न गर्ने । | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्थ मन्त्रालय | ५ महिना | नयाँ खरिद सम्झौता सम्पन्न भएको हुने । |
| ७. | अन्तर्राष्ट्रिय बजारको परल मूल्यबमोजिम पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन गर्ने । | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालय | निरन्तर | अन्तर्राष्ट्रिय बजार मूल्यसँग स्थानीय मूल्यको अन्तर भएको |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | यसका लागि दैनिक कायम हुने मूल्यसूची सार्वजनिक गर्ने । | | | | नहुने र निगमको घाटा कम भई आत्मनिर्भर भएको हुने । |
| ८. | निगमको पेट्रोलियम पदार्थको लागत मूल्य तथा बिक्री मूल्य र सोमा हुने नाफाघाटा सम्बन्धी विवरण नियमित रूपमा आम सञ्चारमाध्यममार्फत सर्वसाधारणको जानकारीका लागि उपलब्ध गराउने । | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग | निरन्तर | निगमको नाफा-नोक्सानीसम्बन्धी विवरण नियमित रूपमा सार्वजनिक भएको हुने । |
| ९. | अन्तर्राष्ट्रिय बजारमा हुने पेट्रोलियम पदार्थको मूल्य वृद्धिबाट आन्तरिक बजारमा पर्ने असरलाई कम गर्न मूल्य स्थिरीकरण कोष (Price Stabilization Fund) को स्थापना गर्ने । | नेपाल आयल निगम | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६ महिना | मूल्य स्थिरीकरण कोष (Price Stabilization Fund) संचालन कार्यविधि तर्जुमा भई कोषको स्थापना भएको हुने । |
| १०. | सर्वसाधारण उपभोक्तालाई मूल्यवृद्धिको भार कम गर्न एल्.पि.जी. ग्याँसमा लाग्दै आएको भ्याटलाई पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय मूल्यबमोजिम स्वतः समायोजन नहुञ्जेलसम्म छूट दिने व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय<br>नेपाल आयल निगम | १५ दिन | भ्याट छूटका लागि औपचारिक अनुरोध भएको हुने । |
| ११. | मूल्य वृद्धिबाट असर पुग्ने विपन्न वर्ग, विद्यार्थी र न्यून आय भएका साना किसानलाई सहुलियत दरमा ग्याँस, मट्टितेल र डिजेल उपलब्ध गराउन राहत कार्डको व्यवस्था गर्ने । | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, स्थानीय निकायहरु | ३ महिना | राहत कार्डको व्यवस्था भई सो बमोजिम सहुलियत दरमा विक्री वितरण भएको हुने । |
| १२. | रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण कार्यलाई दुई देशबीच समझदारी कायम गरी अघि बढाउने । | नेपाल आयल निगम | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्ष | समझदारीपत्रमा हस्ताक्षर भई कार्यान्वयन भएको हुने । |
| १३. | थानकोट लगायत विभिन्न स्थानहरूमा इन्धन डिपोहरूको भण्डारण क्षमता कम्तिमा १ महिनाको माग धान्ने गरी बिस्तार गर्ने । | नेपाल आयल निगम | अर्थ मन्त्रालय, रा.यो.आयोग र वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्ष | मौज्दातस्थिति १ महिनाका लागि भएको हुने । |
| १४. | नेपाल आयल निगमका सबै डिपोहरूमा जोखिम कम गर्न सुरक्षा उपायहरू थप गर्ने । साथै, | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | ६ महिना | सुरक्षा उपायहरू थप भएको हुने तथा मर्मत सम्भारसम्बन्धी |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | निगमका मौजूदा इन्धन डिपोहरूको मर्मत सुधार गर्न एक कार्ययोजना बनाई सोको कार्यान्वयन गर्ने । | | स्थानीय निकायहरू | | कार्ययोजना तयार भई कार्यान्वयनमा आएको हुने । |
| १५. | ग्याँस बोटलिङ प्लान्ट तथा डिपोहरूमा सुरक्षात्मक उपाय सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल आयल निगम | नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्स, ग्याँस व्यवसायी संघहरू | ६ महिना | ग्याँस बोटलिङ प्लान्ट तथा डिपोहरूमा सुरक्षात्मक उपाय सम्बन्धी निर्देशिका सरोकारवालाहरूसँग छलफल गरी कार्यान्वयनमा आएको हुने । |
| १६. | ढुवानीकर्ताहरूको खुला टेण्डरको माध्यमद्वारा खुला प्रतिस्पर्धा गराई छनौट गर्ने । | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६ महिनाभित्र शुरु गरी निरन्तर | खुला प्रतिस्पर्धाबाट छनौट शुरु भएको हुने । |
| १७. | नेपाल आयल निगमको कार्यकारी प्रमुख पदमा खुला प्रतिस्पर्धाको आधारमा नियुक्ति गर्ने । | नेपाल सरकार | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३ महिना | नियुक्ति खुला प्रतिस्पर्धाका आधारमा भएको हुने । |
| १८. | निगमको प्रशासनिक खर्च घटाउन विज्ञापन, भ्रमण, इन्धन, सवारी भाडा लगायत विभिन्न शिरोभार खर्च (overhead cost) कम गर्ने । | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ महिनाभित्र शुरु गरी निरन्तर | अनावश्यक प्रशासनिक खर्च कटौती भएको हुने । |
| १९. | नेपाल खाद्य संस्थानले काठमाडौं उपत्यका लगायत उपयुक्त स्थानहरूमा विक्री कक्षहरू स्थापना गरी सञ्चालनमा ल्याउने । नेपाल खाद्य संस्थानले चामल, दाल, पिठो लगायतका वस्तुमा आवश्यकता अनुसार ब्राण्डिङ्ग गरी सहुलियत मूल्यमा बजारमा विक्री वितरण थाल्ने । | नेपाल खाद्य संस्थान | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६ महिनाभित्र शुरु गरी निरन्तर | नेपाल खाद्य संस्थानले चामल, दाल, पिठो लगायतका वस्तु ब्राण्डिङ्ग गरी सहुलियत मूल्यका पसलहरू सञ्चालन गरी बजारमा विक्री वितरण भएको हुने । |
| २०. | देशका विभिन्न भागमा खाद्यान्न गोदामहरूको निर्माण र पुराना गोदामहरूको मर्मत सम्भार गरी भण्डारण क्षमता वृद्धिमार्फत खाद्य सुरक्षालाई वृद्धि गर्ने । | नेपाल खाद्य संस्थान | अर्थ मन्त्रालय, रा.यो.आयोग र वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | भण्डारण क्षमता मागलाई पुग्ने गरी उपलब्ध हुने । |
| २१. | नेपाल खाद्य संस्थानले खाद्यान्न न्यून भएका दुर्गम जिल्ला/स्थानमा सरकारी अनुदानमा र अन्य स्थान/जिल्लामा संस्थानको आफ्नै स्रोतमा ढुवानी गरी यथेष्ट मात्रामा खाद्यान्न मौज्दातको व्यवस्था मिलाउने | नेपाल खाद्य संस्थान | अर्थ मन्त्रालय, रा.यो.आयोग र वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | मौज्दात यथेष्ट भएको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| २२. | राष्ट्रिय खाद्य सुरक्षा भण्डार तथा सार्क खाद्य सुरक्षा भण्डारमा लक्ष्यअनुसार खाद्यान्नको व्यवस्था गर्ने । | नेपाल खाद्य संस्थान | अर्थ मन्त्रालय, रा.यो.आयोग र वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | लक्ष्य अनुसार भण्डारण भएको हुने । |
| २३. | कर्णाली लगायतका दुर्गम क्षेत्रमा स्थानीय सम्भाव्यताका आधारमा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न विभिन्न क्षेत्र (कृषि, सिंचाई, स्थानीय निकाय आदि) लाई समेटी एक एकीकृत कार्यक्रम संचालन गर्ने । | कृषि तथा सहकारी मन्त्रालय | वाणिज्य तथा आपूर्ति मन्त्रालय, रा.यो.आयोग, अर्थ मन्त्रालय | १ वर्षभित्र शुरु गरी निरन्तर | एकीकृत कार्यक्रम सञ्चालनमा आई स्थानीय उत्पादन वृद्धि भएको हुने । |
| २४. | दुर्गम क्षेत्रमा आहार बानी (Food Habit) मा परिवर्तन ल्याउन आहार परिवर्तनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याउने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | वाणिज्य विभाग, कृषि तथा सहकारी मन्त्रालय | १ वर्षभित्र शुरु गरी निरन्तर | दुर्गम जिल्लाहरूमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने । |
| २५. | किसानहरूको मुख्य खाद्यान्न उत्पादन खरिद गर्ने सम्बन्धमा न्यूनतम मूल्य (Support Price) तोकी खाद्य संस्थानलगायतका निकायले खरिद गर्ने व्यवस्था मिलाउने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, रा.यो.आयोग | १ वर्षभित्र शुरु गरी निरन्तर | खरिद प्रारम्भ भएको हुने । |
| २६. | हाल वित्तीय रूपमा कमजोर अवस्थामा रहेको नेशनल ट्रेडिङ लिमिटेडलाई नयाँ व्यापारिक क्षेत्रतर्फ उन्मुख गराई आर्थिक पुनरुत्थान गर्न तयार गरिएको Business Plan लाई नेपाल सरकारले स्वीकृत गरी क्रमशः कार्यान्वयनमा ल्याउने । | नेशनल ट्रेडिङ लिमिटेड | वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालय, उद्योग मन्त्रालय | ३ महिनाभित्र | तयार Business Plan कार्यान्वयनमा आएको हुने । |
| २७. | संस्थानहरूको सुधारका लागि सबै संस्थानहरूले नयाँ र सम्भाव्य व्यापारका क्षेत्र पहिल्याई आ-आफ्नो रणनैतिक व्यापारिक कार्ययोजना (Business Plan) तर्जुमा तथा स्वीकृत गरी सो बमोजिम आफ्नो व्यावसायिक रूपान्तरण गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगतका सम्बन्धित संस्थानहरू | अर्थ मन्त्रालय, रा.यो.आयोग | ३ महिनाभित्र | व्यावसायिक कार्ययोजना (Business Working Plan) तयार तथा स्वीकृत भई एवं कार्यान्वयनमा आई व्यावसायिक रूपमा संस्थानको आर्थिक अवस्था सुधारोन्मुख हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| २८. | पाँचै विकास क्षेत्रका वाणिज्य कार्यालयहरूमा १/१ वटा छुट्टै खाद्यान्न परीक्षण प्रयोगशालाको व्यवस्था गर्ने । | वाणिज्य विभाग | अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, दातृनिकायहरू | १ वर्षभित्र | परीक्षण प्रयोगशाला प्रयोगमा आएको हुने । |
| २९. | उपभोक्ता संरक्षण ऐन २०५४ लाई संशोधन गरी छुट्टै उपभोक्ता अदालतको व्यवस्था गर्ने र सेवा क्षेत्रसमेतलाई समेट्ने गरी सो ऐन संशोधन गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा न्याय मन्त्रालय | १ महिनाभित्र | विधेयक स्वीकृतिका लागि संसद्समक्ष पेश भएको हुने । |
| ३०. | कालोबजारी तथा केही सामाजिक अपराध ऐन २०३२ लाई समसामयिक संशोधन गर्न गृह मन्त्रालयलाई अनुरोध गर्ने । | ,, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा न्याय मन्त्रालय र गृह मन्त्रालय | १ महिनाभित्र | गृह मन्त्रालयलाई अनुरोध गरिएको हुने । |
| ३१. | खाद्य ऐन २०२३ लाई संशोधन गरी खाद्य प्राधिकरणको व्यवस्था हुने गरी नयाँ ऐन लागू गर्न कृषि तथा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने | ,, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा न्याय मन्त्रालय | १ महिनाभित्र | कृषि तथा सहकारी मन्त्रालयलाई अनुरोध गरिएको हुने । |
| ३२. | कार्टेलिङ र सिण्डिकेट गर्न नपाउने गरी संस्था दर्ता ऐनलगायत विभिन्न ऐनहरूलाई संशोधन गर्न विधेयक पेश गर्ने । | सम्बन्धित मन्त्रालयहरू | वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कानून तथा न्याय मन्त्रालय | ६ महिना | सम्बन्धित ऐनहरूलाई संशोधन गर्न विधेयक मस्यौदा पेश भएको हुने । |
| ३३. | वस्तु तथा सेवा बजार अनुगमन गर्ने कार्यविधि स्वीकृत गरी लागू गर्ने । | वाणिज्य विभाग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा न्याय मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ महिना | सो कार्यविधि लागू भएको हुने । |
| ३४. | होटेल, लज तथा रेष्टुरेण्ट सम्बन्धी निर्देशिका स्वीकृत गरी लागू गर्ने । | ,, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा न्याय मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ महिना | सो कार्यविधि लागू भएको हुने । |
| ३५. | मूल्य नियमन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | ,, | वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, रा.यो.आयोग । | ३ महिना | नीति जारी भएको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ३६. | अनुगमनकर्ताहरूले पालना गर्नुपर्ने Code of Conduct तर्जुमा गरी लागू गर्ने र सोबमोजिम क्रियाशील रहन अनुगमनकर्ताहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने । | ,, | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | ६ महिना | अनुगमनकर्ताहरूको क्षमता अभिवृद्धि भएको हुने । |
| ३७. | उपभोक्ता शिक्षाका लागि माध्यमिक तहसम्मको पाठ्यक्रममा उपभोक्ता हकहितसम्बन्धी विषय समावेश गर्न शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने । | ,, | शिक्षा मन्त्रालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र | सो विषय पाठ्यवस्तुमा समाविष्ट भएको हुने । |
| ३८. | बजार अनुगमनलाई सघन रूपमा सञ्चालन गरी गैरकाननी काम गर्ने विरुद्ध मुद्धा दायर गरी कार्वाही अन्तिम टुङ्गोमा पुऱ्याउने । | ,, | वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, औषधि व्यवस्था विभाग तथा अन्य सम्बद्ध निकाय | तत्काल गरी निरन्तर | अनुगमन पश्चात् केही प्रमुख घटना/मुद्दाहरू अदालतमा दायर भएको हुने । |
| ३९. | बजार अनुगमनमा सुरक्षा ब्याकअप गर्न र खटिई जाने कर्मचारी तथा पदाधिकारीहरूको सुरक्षा गर्न वाणिज्य विभागमा छुट्टै स्थायी सुरक्षा एकाइको व्यवस्था गर्ने । | गृह मन्त्रालय | वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ महिना | सुरक्षा एकाइ व्यवस्था भएको हुने । |
| ४०. | हालको वाणिज्य विभागलाई प्रत्येक जिल्लामा पूर्णकालीन निरीक्षण अधिकृतको व्यवस्था गर्ने गरी र अर्धन्यायिक अधिकार प्रयोग गर्ने गरी वाणिज्य तथा उपभोक्ता संरक्षण विभागको रूपमा पुर्नसंरचना गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | ६ महिना | उक्त संरचना अस्तित्वमा आएको हुने । |
| ४१. | वाणिज्य विभागको तीनवर्षीय रणनीतिक योजनामा उल्लेख भएबमोजिमका क्रियाकलापलाई सञ्चालनमा ल्याउने । | वाणिज्य विभाग | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र<br>रा.यो.आयोग | १ महिना | रणनीतिक योजना कार्यान्वयनमा आएको हुने । |
| ४२. | आयोडिनयुक्त नूनको भण्डारणका लागि आधुनिक गोदाम निर्माण तथा पुराना गोदामको जीर्णोद्धार गर्ने । | साल्ट ट्रेडिङ कर्पोरेशन लि. | वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>रा.यो.आयोग र अर्थ मन्त्रालय | २ वर्ष | गोदाम व्यवस्थित भएको हुने । |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ४३. | विभिन्न दुर्गम जिल्लाहरूमा आयोडाइजेशन प्लाण्ट स्थापना गर्ने साथै भएकालाई चालू हालतमा उपयोग गर्ने । | साल्ट ट्रेडिङ कर्पोरेशन लि. | वाणिज्य तथा आपूर्ति मन्त्रालय, रा.यो.आयोग र अर्थ मन्त्रालय | १ वर्ष | प्लाण्टहरू स्थापना तथा सञ्चालनमा आएको हुने । |
| ४४. | विपन्नलाई लक्षित गरी रासन कार्ड जारी गर्ने र सोमार्फत सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने । | सहकारी संस्थामार्फत सहुलियत पसलहरू | वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरू (न.पा. र गाविसहरू) | १ महिना | रासनकार्ड मार्फत खाद्यान्न वितरण शुरु भएको हुने । |

## ६. अनुगमनसम्बन्धी व्यवस्था

उल्लिखित कार्ययोजना बमोजिम कार्यान्वयन भए नभएको अनुगमन गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयमा एक छुट्टै समिति रहनेछ । वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा देहाय बमोजिमको समितिले प्रस्तुत कार्ययोजनाको निरन्तर अनुगमन तथा समीक्षा गर्नेछ :

| | |
|---|---|
| - वाणिज्य विभागको महानिर्देशक | सदस्य |
| - वाणिज्य तथा आपूर्ति मन्त्रालयका वाणिज्य क्षेत्र हेर्ने सहसचिवहरू २ | सदस्य |
| - वाणिज्य तथा आपूर्ति मन्त्रालयका आपूर्ति क्षेत्र हेर्ने सहसचिव | सदस्य |
| - उपभोक्ता हकहित संरक्षण सम्बन्धी संस्थाका प्रतिनिधि १ | सदस्य |
| - व्यापार विशेषज्ञ | सदस्य |

उक्त समितिले अनुगमन तथा समीक्षा गरी आफ्नो प्रतिवेदन प्रत्येक महिना वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्री र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउनेछ ।